मंगला गाउँपालिकाको गाउँसभामा

अध्यक्ष श्री सत प्रसाद रोकाद्वारा

प्रस्तुत भएको

# आर्थिक वर्ष २०७९/२०८० को

## मंगला गाउँपालिकाको नीति तथा कार्यक्रम

सभामा पेश भएको मिति :- २०७९/०३/१०

## मंगला गाउँपालिका

बाबियाचौर, म्याग्दी

१० असार, २०७९

मंगला गाउँपालिकाको नीति तथा कार्यक्रम घोषणा कार्यक्रममा उपस्थित प्रमुख अतिथि पूर्व सामाजिक विकासमन्त्री तथा प्रदेशसभा सदस्य माननीय नरदेवी पुनज्यू, जिल्ला समन्वय समिति म्याग्दीका उपप्रमुख श्री डिलकुमारी खत्रीज्यू, मंगला गाउँपालिका उपाध्यज्यू, जिल्ला समन्वय समिति म्याग्दीका सदस्यज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, ,गाउँसभा सदस्यका रुपमा रहनुभएका ५ वटै वडाका वडाध्यक्षज्यूहरु, गाउँ कार्यपालिका सदस्यज्यूहरु, वडा सदस्यज्यूहरु, गाउँपालिकाका सवै कर्मचारीहरु, प्रधानाध्यापक प्रचार्य तथा शिक्षकहरू, सुरक्षा निकायका प्रमुख तथा सुरक्षाकर्मीहरु, रेडक्रस मंगला शाखाका अध्यक्षज्यू, उपस्थित पत्रकारज्यूहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरु,

नेपालको संविधानले परिकल्पना गरेको स्थानीय सरकारको पहिलो पाँच वर्षे कार्यकाल सफलतापूर्वक सम्पन्न भएको छ । यस अवधिमा संघियताको मर्म र भावनालाई आत्मसाथ गर्दै जग वसाल्ने र इटा थप्ने काम भएको छ । लोकतन्त्रलाई वलियो वनाउने महत्वपूर्ण पक्ष आवधिक निर्वाचन भएकोले तोकिएको समयमा स्थानीय तहको निर्वाचन सफलतापूर्वक सम्पन्न हुनु नेपाली जनताको गौरवको विषय हो । स्थानीय तह सदस्य निर्वाचन मार्फत मंगलावासी जनताको प्रतिनीधि छनौट भई यस मंगला गाउँपालिकामा स्थानीय सरकार गठनले पूर्णता पाएको छ । मंगला गाउँपालिकामा स्थानीय सरकार सञ्चालन गर्न हामीलाई छनौट गरी जिम्मेवारी दिनुभएकोमा सर्वप्रथम त आम मंगला गाउँपालिकावासी जनसमुदायलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । यस कार्यको लागि सहयोग गर्नुहुने सम्पूर्ण राजनीतिक दल, जनप्रतिनीधिहरु, कर्मचारी तथा सुरक्षाकर्मीहरु, निजी क्षेत्र र सरोकारवाला सवैमा धन्यवाद व्यक्त गर्न चाहन्छु । स्थानीय तह सदस्य निर्वाचन पछिको पहिलो गाउँसभामाको महत्वपूर्ण क्षण हामी उपस्थित छौं । यस महत्वपूर्ण क्षणमा राष्ट्रलाई निरङ्कुश सामन्ती शासनप्रणालीको अँध्यारो युगबाट जनताका प्रतिनिधिमार्फत् राज्य संचालन गर्ने संघीय लोकतान्त्रिक गणतन्त्रको उज्यालो युगमा पुऱ्याउने क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु साथै राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा विगत देखि हाल सम्म अगुवाइ गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मानसहित स्मरण गर्न चाहन्छु। साथै कोभिड-१९ को महामारी, बाढी पहिरो लगायत प्राकृतिक र मानवनिर्मित विपत्तीवाट स्वदेश तथा विदेशमा जीवन गुमाउनु भएका सम्पूर्ण नेपाली दिदी वहिनी तथा दाजुभाइहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछु। स्वदेश तथा विदेशमा संक्रमित हुनु भएका सवै नेपाली दाजुभाइ तथा दिदिवहिनी हरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु। कोभिड—१९ को संकट तथा बाढी पहिरो जस्ता विपत्तीमा स्वास्थ्यसामाग्री सहयोग गर्ने, घरवार विहिनलाई घर निर्माण गर्न योगदान गर्नुहुने स्वदेश तथा विदेशमा रहनु हुने व्यक्ति तथा अन्य सामाजिक संघ संस्था, राजनितिक पार्टी लगायत सवै महानुभावहरुमा आभार प्रकट गर्दै भविष्यमा पनि निरन्तर सहयोगको अपेक्षा गर्दछु।

विश्वभरी देखापरेको कोरोना संकटले मानव जातिमाथि नै अकल्पनीय संकट आई विश्वव्यवस्थालाई परिवर्तन गरेको छ भने पश्चिम विश्वमा भैरहेको युद्धले अर्थव्यवस्थालाई संकट तर्फ धकेलीरहेको छ । महामारी तथा आर्थिक संकट विरुद्ध यस गाउँपालिका आफ्नो क्षमता, श्रोत र साधनकासाथ जुटिरहेको यस कठिन घडीमा मंगलावासीको जिवन रक्षा गर्ने र संकट तर्फ गईरहेको अर्थतन्त्रलाइ चलायमान वनाउन स्थानीय पूर्वाधार निर्माण गर्ने, उत्पादन तथा आय वृद्धि गर्ने, सीप क्षमता विकास र उद्यमशीलता विकास, आर्थिक सामाजिक क्षेत्रको विकास र अधिकतम रोजगारी सृजना गर्न सघाउ पुराउने नीति तथा

कार्यक्रम तयार पार्ने प्रयास गरेको छु। संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न नेपालको संविधान बमोजिम गठित स्थानीय सरकार मंगला गाउँपालिकाको प्रमुखको रुपमा आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रमलाई यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा निकै गौरवान्वित भएको महसुस गरेको छु।

**प्रमुख अतिथिज्यू तथा गाउँसभाका सदस्यज्यूहरु,**

यस आधुनिक युगमा विकास र समृद्धिका लागि हामी सबैको उच्च आकांक्षा रहेको छ । जुन अपेक्षा आम नागरिकले आफ्नै घरदैलोमा महसुस गर्न र भेट्न सक्ने सरकारको रुपमा रहेको स्थानीय सरकारसंग प्रकट गर्ने गर्दछन् ।नागरिकको यस आकांक्षालाई समुचित सम्वोधन गर्दै सिमित स्रोत र साधन बीच गाउँपालिकालाई समग्र रुपमा विकास र समृद्धि यात्रामा लैजानुपर्ने जिम्मेवारीका साथ हामी स्थानीय सरकारमा रहेका छौं । संविधान प्रदत्त व्यापक क्षेत्राधिकार भएको बलियो स्थानीय सरकारको रुपमा रुपान्तरण गर्ने प्रक्रियालाई समेत अघि बढाउनु परेको छ। यसरी जिम्मेवारी अवसर समस्य र चुनौती संगै रहेको जटिल परिस्थितिमा सजग र संवेदनशील रही मङ्गला गाउँपालिका परिवार निरन्तर अघि बढ्दै, नतिजा मुलक उपलव्धी प्राप्तिको लागि अघि बढिरहेको कुरा यहाँहरुलाइ विदितै छ।

नेपालको संविधानले परिकल्पना गरेको तीन तहको सरकार, त्यसका क्षेत्राधिकार र संघ, प्रदेश र स्थानीय सरकारविचको सहकार्य, समन्वय र सहअस्तित्व समेतको मर्म अनुसार नेपाल सरकार र प्रदेश सरकारले अंगालेको १५ औं आवधिक योजना, दिगी विकास लक्ष्य वार्षिक नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम र मंगला गाउँपालिकाको आवश्यकता, अवसर र चुनौतीलाई हृदयंगम् गर्दै स्थानीय सरकार सञ्चालनको विगतका वर्षको अनुभव र ऐन, नियम तथा कार्यविधि, सर्वमान्य सिद्धान्त समेतका आधारमा आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम तय गरिएको छ।

**प्रमुख अतिथीज्यू एवं गाउँसभाका सदस्यज्यूहरु,**

मंगला गाउँपालिका गाउँपालिकावासीको जनभावना, जनआकांक्षा र आवश्यकताका आधारमा स्थानीय आम नागरिकको जीवनस्तरमा सुधार गर्न तथा विकास र अपेक्षा पूरा गर्न कोभिड-१९ र मनसुनजन्य विपद् लगाएतका विभिन्न चुनौतिलाइ सामना गर्दै दृढ संकल्पका साथ अगाडि बढिरहेको छ। अनेकन प्रतिकूलताका समस्या चुनौती र अवरोधको बाबजुद मंगला गाउँपालिकाले यस आव २०७८/०७९ मा हासिल गरेका केही महत्वपूर्ण उपलव्धिहरु यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न चाहान्छु ।

१. मंगला गाउँपालिकाको विकास र समृद्धिको मुख्य आधार शिक्षा क्षेत्रको विकास हो भन्ने मर्मलाई आत्मसाथ गर्दै यस गाउँपालिकाको शैक्षिक क्षेत्रको विकासको लागि यस ५ वर्षे अवधिमा केन्द्र सरकारबाट ,प्रदेश सरकारबाट र स्थानीय सरकारबाट बजेट लगानी गरिएको छ । यस लगानीबाट गाउँपालिकाको शैक्षिक क्षेत्रमा विभिन्न महत्वपूर्ण उपलब्धी प्राप्त भएका छन् जसको संक्षेपमा निम्नानुसार उल्लेख गरिएको छः

- मानिसको ८० प्रतिशत मस्तिष्कको विकास ५ वर्षभित्र हुन्छ । शारिरीक र मानसिक रुपले स्वस्थ वच्चा नै भविष्यमा देश निर्माण गर्न सक्ने नागरिक वन्छ भन्ने मान्यता अनुसार गाउँपालिका

अन्तरगत रहेका ४० वटा सामुदायिक विद्यालय र अन्य ४ वटा गरी कूल ४४ वटा प्रारम्भिक वालविकास केन्द्रमा कार्पेट, टेवुल, स्मार्ट टिभी, डिजिटल सामग्री सहित बोल्ने किताव र अन्य शैक्षिक सामाग्रको व्यवस्थापन गरी स्मार्ट वालविकास कक्षा तयार पारी पठनपाठन भएको छ ।

- प्रारम्भिक वालविकास केन्द्रका ५०० बालबालिकाहरुलाई संघीय सरकारबाट उपलब्ध दिवा खाजाकार्यक्रमसँग यस गाउँपालिकाबाट थप १ गिलास दुध स्थानीय स्रोतबाट उपलब्ध गराइएको छ । यसले वालवालिकाको पोषणमा सुधार भई वालविकासमा सहयोग पुगेको छ, वालवालिकालाई विद्यालय आउन प्रेरित गरेको छ भने स्थानीय कृषकको दुध उत्पादन विक्री वितरणमा सहयोग पुगेको छ ।
- गाउँपालिका अन्तरगतका ४० वटै सामुदायिक विद्यालयमा भौतिक पूर्वाधारहरु तर्फ आवश्यक विद्यालय भवन, वास सहितको ट्वाइलेट खेलकुद मैदान, विद्यालय घेरावार कार्यहरु सम्पन्न भएका छन् । यस अवधिमा संघीय सरकारको सहयोगमा ४ कोठे भवन १५ वटा, २ कोठे भवन ७ वटा वनेका छन् भने यस गाउँपालिकाको अनुदानमा २ कोठे ६ वटा र ४ कोठे ५ वटा गरी जम्मा ३५ वटा नयाँ विद्यालय भवन निर्माण कार्य सम्पन्न भएको छ । वास सहितको ट्वाइलेट जम्मा २८ वटा विद्यालयमा निर्माण भएका छन् । त्यस्तै ४० वटै विद्यालयहरुमा खेलमैदान मर्मत घेरावार तथा भवन मर्मतको लागि बजेट व्यवस्था भई व्यवस्थित गरिएको छ ।
- अध्यक्षसँग शिक्षा कार्यक्रम र संघीय सरकारको सहयोगमा गाउँपालिकाका १५ वटा विद्यालयमा विज्ञान प्रयोगशाला, ICT (Information and Communication Technology) ल्याव र व्यवस्थित लाइव्रेरी स्थापना गरी विद्यार्थीलाई विज्ञान प्रयोग, सूचना प्रविधिसँग अव्यस्त गराउने र लाइव्रेरीमा पढ्ने वानीको विकास गरिएको छ ।तहगतरुपमा शून्य दरवन्दी भएका विद्यालयहरुमा विषय शिक्षकको अभाव भएकोले गाउँपालिकाबाट तलव भत्ता व्यवस्था गरी गाउँपालिका अनुदान कोटाको रुपमा हाल ११ जना शिक्षकको व्यवस्था गरी शिक्षक आपूर्तिको समस्यालाइ समाधान गरीएको छ।
- विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को कारण सिकाइ निरन्तरताको लागि बालविकास देखि कक्षा ८ सम्मका वालवालिकाहरुलाई घरमा नै अध्ययन गर्न सकिने सिकाइ सामाग्री छपाई विद्यालय मार्फत् वितरण गरिएको छ ।जसले २००० भन्दा बढी बालबालिका र तिनका अभिभावक प्रत्यक्ष लाभान्वित भएका छन ।
- संघीय सरकारको "एक स्थानीय तह एक प्राविधिक विद्यालय" सञ्चालन गर्ने नीति अनुरुप मंगला माध्यामिक विद्यालय वावियाचौरमा सञ्चालित कृषि विषयको प्राविधिक धार कक्षा ११ र १२ को लागि यस गाउँपालिकावाट १०० भन्दा बढी विद्यार्थीलाइ छात्रबृत्ति प्रदान गरिएको, आवसको लागि छात्रावासको व्यवस्था गरिएको, कृषि प्रयोगात्मक सामाग्री खरिद तथा सिकाइ भ्रमणको लागि अनुदान उपलब्ध गराइएको छ ।

- मंगला गाउँपालिकाको १० बर्षे शिक्षा क्षेत्र योजना निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ । गण्डकी प्रदेश भित्रका स्थानिय तह मध्ये १० बर्षे शिक्षा क्षेत्र योजना निर्माण गर्ने पहिलो गाउँपालिका हो ।
- पश्चिम म्याग्दीको ३ वटा गाउँपालिका समेट्ने यस गाउँपालिकामा रहेको उच्च शिक्षा प्रदान गर्ने संस्था एक मात्र मगला शिक्षा क्याम्पसको भवन निर्माण र शैक्षिक सुधारको लागि यस गाउँपालिकाले पहल गरी संघ तथा प्रदेश सरकारबाट बजेट विनियोजन भएकोमा यस गाउपालिकाको समेत आर्थिक सहयोगमा ८ कोठे क्याम्पस भवन सभा हल निर्माण कार्य सम्पन्न भएको छ भने छात्रावास भवन निर्माण कार्य भैरहेको छ । क्याम्पसलाई QAA सर्टिफिकेट प्राप्त गर्नको लागि आवश्यक मापदण्ड पूरा गर्न यस गाउँपालिकाले आर्थिक र अन्य सहयोग गरेको छ ।
- गाउँपालिका वासीले आफ्नै जिल्लामा रहेको म्याग्दी वहुमुखी क्याम्पसमा व्याचलर लेभलको इन्फरमेशन टेक्नोलोजी र मास्टर लेभलको शिक्षा विषय अध्ययन गर्न नगद सहयोग गरेको छ ।
- यस गाउँपालिकाको अध्यक्षसँग शिक्षा कार्यक्रम अन्तरगत यस गाउँपालिकाको ४० वटै विद्यालयमा विद्युत कम्प्युटर र इन्टरनेटको व्यवस्था भई सूचना प्रविधिमैत्री वनाइएको छ ।

२. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्न पाउने संवैधानिक अधिकारलाई प्रत्याभूत गर्न, एक स्वास्थ आमाबाट स्वस्थ वालवालिका जन्माउन हुर्काउन र स्वस्थ नागरिक तयार पार्नको लागि गाउँपालिकाले स्वास्थ्य क्षेत्रमा बजेट लगानी गरेको छ जसबाट प्राप्त उपलब्धीहरुलाई निम्नानुसार प्रस्तुत गरेको छुः

- मंगला गाउँपालिका अन्तरगत ४ वटा स्वास्थ्य चौकी र ३ वटा सामुदायिक स्वास्थ्य इकाइ र ३ वटा वर्थिङ सेन्टरवाट सेवा प्रदान गरिएको छ। ३ वटा स्वास्थ्य चौकीको आफ्नै आधुनिक व्यवस्थित भवन छ भने गाउँपालिकाको प्रस्तावमा वावियाचौर स्वास्थ्य चौकी संघीय सरकारको विशेष अनुदानमा निर्माणाधिन छ ।
- यस गाउँपालिकाको उपाध्यक्षसँग गर्भवती सुत्केरी आमा कार्यक्रम तथा संघीय सरकारको सहयोग तथा सुनौला १००० दिनका आमालाइ पोषणयुक्त खाना न्यानो कपडा, यातायात खर्च तथा अन्य आवश्य सामाग्री प्रदान गरी आमा र वच्चाको स्वास्थ्य हेरचाह र विकासमा सहयोग पुराइएको छ । यस कार्यले आमा र वच्चाको स्वास्थ्य सम्बन्धी अधिकार सुनिश्चित गरिएको छ ।
- गाउँपालिकावासीलाई डाक्टर सहितको अस्पताल सेवा उपलब्ध गराउन गाउँपालिकाको पहलमा मंगला- ५, हाँडेभिरमा १० शैयाको अस्पताल भवन निर्माणका लागि ठेक्का सम्झौता भै निर्माणाधिन अवस्थामा रहेको छ।

- विश्वभर फैलिएको कोभिड-१९ महामारीबाट वच्न महामारीको पहिलो वर्षमा गाउँपालिका केन्द्रमा क्वारेनटीन र आइसोलेसन कक्ष निर्माण गरी शंकास्पद कोभिड विरामीलाई राख्ने, निशुल्क खाने वस्ने र चेकजाँचको व्यवस्था यस गाउँपालिकाबाट गरिएको थियो ।
- त्यस्तै महामारीको दोस्रो वर्षमा एक डाक्टर र दुइ स्टाफ नर्स सहितको कोभिड—१९ अस्थायी अस्पताल सञ्चालन गरी कोभिड शंकास्पद विरामीको Sample लिई टेस्ट गर्न पठाउने, कोभिड पोजिटिभ देखिएका विरामीलाई आइसोलेशनमा राखी उपचार गर्ने कार्य गरिएको थियो । त्यस्तै कोभिड पोजिटिभ विरामीलाई होम आइसोलेशनमा राख्न थालिएपछि घरघरमा उपचार र परामर्श सेवा उपलब्ध गराइएको थियो ।
- गाउँगाउँमा कोभिड—१९ संक्रमण फैलिन थालेपछि गाउँपालिकाको विभिन्न टोल वस्तीमा पुगी Sample collection गरी टेस्ट गर्न पठाउने, कोभिड लक्षण देखिएको विरामीलाई गाउँपालिकाको गाडी प्रयोग गरी निशुल्क अस्पतालसम्म लैजाने ल्याउने, अक्सिजनको व्यवस्था गर्ने, आवश्यक औषधि विरतण गर्ने गरिएको थियो ।
- यस गाउँपालिकाको अध्यक्षले प्रयोग गर्ने गाडीलाई एम्वुलेन्स वनाइ कोभिडको लक्षण देखिएका र अफ्टयारोमा परेका विरामीलाई निशुल्क रुपमा अस्पताल लैजाने र ल्याउने व्यवस्था गरिएको थियो ।
- गाउँपालिकाको अनुरोधमा सहयोगी व्यक्तिहरुबाट कोभिड–१९ विरुद्ध लड्न ४ थान अक्सिजन सिलिन्डर, ६ थान अक्सिजन कन्सन्टेटर, ५५०० माक्स ५०० मि.ली. को १०० पिस सेनिटाइजर, ५० थान अक्सिमिटर प्राप्त भएको थियो । माक्स सेनिटाइजर र अक्सिमिटर विरामी तथा जोखिममा रहने व्यक्तिहरुलाई वितरण गरिएको थियो । मुटु सम्वन्धी विरामीलाई सहयोग पुराउन एक थान इसिजी मेसिन सहयोग प्राप्त भएको छ ।
- गाउँपालिकाको कोभिड–१९ अस्पतालबाट कोभिड केसमा हालसम्म ११११ संख्यामा नमुना संकलन (Sample collection) भएको छ जसमा ३८८ संख्यामा कोभिड पोजिटिभ देखिएकोमा ४ जनाको मृत्यु भएको छ भने ३८४ जना निको भएका छन । ९६१ जनाको Rapid Test गरिएकोमा ३०६ जनाको पोजिटिभ केस आएको र ति मध्ये सवै निको भएका छन् ।
- यस गाउँपालिकामा कार्यरत अनमीलाई अल्ट्रासाउण्डको तालिम गराइ ग्रामिण अल्ट्रसाउण्ड कार्यक्रम सञ्चालन गरिएको छ । जस अन्तरगत महिनाको एक पटक स्वास्थ्य संस्थामा गई गर्भवती महिलालाई निशुल्क अल्ट्रासाउन्ड सुविधा प्रदान गरिएको छ ।२०७८ माघ देखि हालसम्म ३७ जनाले अल्ट्रासाउण्डबाट गर्भ जाँच गर्ने सुविधा प्राप्त गरेका छन् ।
- कोभिड महामारीलाई लक्षित गरी मंगला गाउँपालिकाले हालसमम्ममा १०६३८ जनालाई कोभिड १९ विरुद्धको पहिलो खोप, ९५३७ जनालाई दोस्रो खोप र ६७५३ लाई अतिरिक्त खोप सेवा प्रदान गरेको छ ।

३. निर्वाहमुखी खेती प्रणालीको अन्त्य गर्दै आधुनिक र व्यवसायिक कृषि प्रणाली अवलम्वन गरी किसानलाई व्यवसायिक वनाउने प्रयास अनुरुप मंगला गाउँपालिकामा भेटनरी क्षेत्रमा विभिन्न कार्यक्रम सञ्चालन भएको छ । जसलाई निम्नानुसार उल्लेख गरेको छुः

- यस मंगला गाउँपालिकामा कृषि कार्यमा आधुनिकण यान्त्रिकरण गर्नको लागि, कृषि कार्यमा व्यवसायीकरण गर्नको लागि कृषकहरुलाई प्रोत्साहन गर्न तपशिलमा उल्लेखित अनुदानमा आधारित विविध सामाग्री, बीऊ-विजन, किटनाश औषधी, फलफुल विरुवा आदि वितरण गरिएको छ।

| क.सं. | कृषि तर्फ | | पशु सेवा तर्फ | |
|---|---|---|---|---|
| | वितरित सामाग्री | परिमाण संख्या | वितरित सामाग्री | परिमाण संख्या |
| १ | थ्रेसर | ४० वटा | वोयर वोका वितरण | १५ वटा |
| २ | मिनि टेलर | १५० वटा | भेडाको थुमा वितरण | १८ वटा |
| ३ | प्लाष्टिक टनेल | ३२८ वटा | खसी वनाउने मेशिन | ५ वटा |
| ४ | प्लास्टिक पोखरी | ४० वटा | चाप कटर | २ वटा |
| ५ | थोपा सिंचाइ | ३० वटा | मुर्रा क्रस भैंसी | २ वटा |
| ६ | च्याउको विउ | ४५० के.जी. | नमुना वाखा खोर निर्माण | ४४ वटा |
| ७ | किटनासक औषधी | ७०० प्याकेट | जै घाँस विउ वितरण | ११२० के.जी. |
| ८ | सबै प्रकारका विरुवा वितरण | ३१,२००वटा | नेपियर, वदाम, सेटेरिया र पासपलम | १३०० सेट |
| ९ | विरुवा रोप्ने | ३ वटा | | |
| १० | माटो परिक्षण | २४६ नमूना | | |
| ११ | होम मिल | ८ वटा | | |

- संघीय सरकारको सहयोगमा यस गाउँपालिकाको वडा नं १ कुँहु पूर्णगाउँ र वडा नं २ हिदीमा र वडा नं ५ टिकावाङमा आलु पकेट क्षेत्र घोषणा र वडा नं २ सिमलचौर रणवाङ र वडा

नं ५ पिपलबोट छिस्वाङमा धान पकेट क्षेत्र घोषणा गरी आलु तथा धानको उत्पादन वृद्धि गर्ने लक्ष्य लिइएको छ ।

- त्यस्तै वडा नं ३ झाक्रेपानी वडा नं ४ धापुङ र वडा नं ५ किमचौरमा आलु ब्लक सञ्चलान गरिएको छ ।
- बाख्रापालनलाई व्यवसायिक र आधुनिक बनाउन वडा नं २ को सल्यान भाइवाङ खुम्लियामा बाख्रा पकेट क्षेत्र घोषणा गरी विभिन्न अनुदानका कार्यक्रम मार्फत आधुनिक बाख्रा पालनमा प्रोत्साहन गरिएको छ ।
- प्रदेश सरकारको मुख्यमन्त्री कृषि नमुना गाउँ कार्यक्रम अन्तरगत यस गाउँपालिकाको वडा नं. २, ३ र ५ मा नमूना कृषक समूह मार्फत् कृषि कार्यक्रम संचालन गरिएको छ ।
- कृषि उत्पादनमा सिंचाइको महत्वपुर्ण भूमिका रहने भएकोले प्रत्येक बर्ष सिचाइलाइ महत्व दिइ वडा स्तर र गाउँपालिका स्तरबाट ५ बर्षको अबधिमा ठुला साना गरी १२० आयोजनाहरु कार्यान्वयनमा ल्याइ सिंचाइ लाइ प्राथमिकता दिइएको छ ।
- करिव ३१९१ हेक्टर खेती योग्य जमिन मध्ये ७० प्रतिसतमा सिचाइको प्रवन्ध गरी १२०० भन्दा बढि उपभोक्ताहरु प्रत्यक्ष लाभान्वित भएका छन ।

४. गाउँपालिका भित्रको ऐतिहासिक महत्व, पुरातात्विक वस्तु, कला, संस्कृतिको संरक्षण तथा पर्यटन प्रवर्द्धन गर्न वार्ड नं.१ टोड्के र वडा नं.३ झाँक्रीपानी र चिनाकोटलाई सांस्कृतिक तथा पर्यटकीय क्षेत्रको रुपमा घोषणा गर्नुका साथै सामुदायिक होम स्टे दर्ता गरी प्रदेश सरकारको सहयोगमा पर्यटन पूर्वाधारका कार्य गरिएकोछ। हाल सम्म २ वटा सामुदायिक होमस्टे दर्ता भै टोडके र झाँक्रिपानीमा संचालनमा रहेका छन् ।

५. वडा नं. ३ झाँक्रीपानीमा भ्यूटावर, गहते नेटा झाक्रेपानी पर्यटन पदमार्ग र सामुदायिक भवन लगायत अन्य पूर्वाधारहरु निर्माण गर्नुका साथै वडा नं. ५ चाङ्गामा पर्यटन प्रवर्द्धन गर्नका लागि सडक सञ्जालले जोडिएको छ। वडा नं २ सिमलचौर लामोछहरा पर्यटन पदमार्ग निर्माण सुरु गरिएको छ ।

६. पुरातात्विक वस्तुहरुको संरक्षण गर्दै अव आउने पिंडीले समेत त्यसको अवलोकन गर्न पाउन भन्ने उदेश्यका साथ वावियाचौर बजारमा मंगला इन्द्रेणी पार्क र म्यूजियम निर्माण गरिएको छ । यस आन्तरिक तथा वाह्य पर्यटनमा सघाउ पुराउनेछ ।

७. विकासको मेरुदण्डको रुपमा रहेका सडक तथा यातायात विकास गर्न गाउँपालिकाको सवैभन्दा बढि लगानी गरिएको छ ।गाउँपालिकाको केन्द्र देखी सबै वडाका वस्तीहरु सडक संजालमा जोडिएका छन । गाउँ बस्ति सम्म जोडने धुले सडक ३० वटा निर्माण भै संचालनमा रहेका छन ।स्थानीयस्तरमा पुग्ने कुल सडक २०३ कि मी निर्माण सम्पन्न भएको छ । मुख्य सडकहरु निम्न छनः

- सान्तुङ्ग-टुनीवोट-आर्भाङ खण्डमा स्त्तोरन्नति
- पखेर-पिङ्गे-हाँसेडाँडा स्तोरउन्नति
- सिमलचौर मिठौला डडुवा मोटरवाटो स्तरोन्नती
- गाउँपालिका र सडक वोर्ड नेपालको लागत साझेदारीमा पिपलवोट छिस्वाङ सडक खण्ड स्तरोन्नी
- रणवाङ दरुङ तल्लो हिदी मालिका सडक
- काफलचौर सल्यान भर्वजुला थाइवाङ हिदी सडक
- पुल्चोक पाँखु धारा सिर्कुम टिकावाङ हुदै मालिका गाउँपालिकाको निस्कोट जोड्ने सडक

८. गाउँपालिकाको केन्द्र रहेको वावियाचौर बजारलाई सुन्दर र व्यवस्थित वनाउन गण्डकी प्रदेश सरकार र यस गाउँपालिकाको साझेदारीमा बजारको मुख्य सडक ६०० मीटर कालोपत्रे र २३० मिटर सडक ढलान गरी कार्य सम्पन्न गरिएको छ ।

९. मंगला गाउँपालिकाका मूख्य रणनीतिक सडकहरुलाई गौरवका सडकका रुपमा घोषणा गरी पिच ढलान तथा स्तरोन्नती कार्य गरिएको छ जुन निम्नानुसार छनः

- गण्डकी प्रदेश सरकार समपुरक अनुदान र यस गाउँपालिकाको लगानीमा गौरवका योजनाहरुको रुपमा सिम-कोत्रवाङ्ग-कुहुँ-टोड्के सडक खण्डको सिम-कोत्रवाङ-खुम्ल्या-पैयूपाटा कुहुँ देउराली डाँडा-अँधेरी खोल्सा-पूर्णगाउँमा स्तोरउन्नति कार्य भएको छ ।
- राष्ट्रिय योजना आयोगको समपुरक अनुदानमा पोक सातविसे बरंजा सडक खण्डको ज्यामिरे, पहिरो खोरिया, हाँसेडाँडा, ४ नं वडा कार्यालय हुदै मोहनखोल्सा सम्म स्तोरउन्नति कार्य भएको छ ।
- यस गाउँपालिका र स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको वजेटवाट पुलचोक-पिपलवोट-पाँखु-धारा-सिर्कुम-टिकावाङ मोटरवाटोको हाँडेभिर संरक्षण र सडक निर्माण कार्य भएको छ ।
- गाउँपालिकाको आफ्नै लगानीमा वावियाचौर-सल्यान भर्जुला थाइवाङ हिदि सडक खण्ड स्तरोन्नति कार्य गरिएको छ ।
- गाउँपालिकाको पहलमा जिल्ला पुर्वाधार कार्यालय म्याग्दी र सडक डिभिजन कार्यालय वाग्लुङ मार्फत् पोक नेटा किम्चौर सडकको स्तोरउन्नति गरिएकोछ ।

१०. यस गाउँपालिकाको वडा नं ४ र ५ वागलुङको ताराखोला गाउँपालिकासँग सिमाना जोडिएकोले त्यहाँका वासिन्दाहरु आवतजावत गर्न समेत सहज हुने हुँदा वरंजा धापुङ सिले अर्गल हुदै वागलुङ ताराखोला जोड्ने सडक स्तरोन्नी तथा थप नयाँ ट्र्याक निर्माण भएको छ ।

११. यस गाउँपालिकाको वडा नं १ मा रहेको टोड्के, वडा नं ३ मा रहेको झाक्रेपानी र चिनाकोट दरवार, वडा नं ५ मा रहेको तीनचुले र चाँगा, वडा नं २ मा रहेको मालिका धुरी मन्दिर प्रसिद्ध धार्मिक

पर्यटकीय क्षेत्र हुन् । यस क्षेत्रको विकासको लागि गाउँपालिकाले सडक तथा अन्य पूर्वाधार विकास गरेको छ । झाक्रेपानीमा हिमाल अवलोकनको लागि भ्यूटावर निर्माण गरिएको छ भने पर्यटकलाई खानवस्नको लागि होमस्टे निर्माण गरिएको छ । तिनचुले, चाँगामा रहेका ऐतिहासिक मन्दिरहरुको मर्मत सम्भार गरिएको छ ।

१२. भविष्यका पिढीको लागि ऐतिहासिक तथा पुरातात्विक वस्तुहरु संग्रह गरी राख्नको लागि तथा पर्यटन विकासको लागि वडा नं २ वावियाचौर बजारको म्याग्दी नदि किनारमा मंगला गाउपालिकावासी समाजसेवी श्री इन्द्रबहादुर अधिकारी ले ३ रोपनी १५ आना ३ पैसा २ दाम जग्गा निशुल्क निशुल्क प्राप्त र गाउँपालिकाले खरिद गरेको ५ आना जग्गा समेत गरी कुल २१९१ बर्ग मिटरमा फैलिएको जग्गामा इन्द्रेणी पार्क र मंगला संग्रालय निर्माण कार्य सम्पन्न भएको छ ।

१३. पर्या—पर्यटनको विकासको लागि पदमार्ग निर्माण गर्नको लागि सिमलचौर-लामोछहरा-खानीगाउँ-पूर्णगाउ-टोड्के पर्यटन पदमार्ग निर्माण कार्य अगाडि वढाइएको छ ।

१४. म्याग्दी नदीले खेतियोग्य जमिन तथा वस्तीमा पुर्‍याएको क्षतिको संरक्षणका लागि भू तथा जलाधार क्षेत्र संरक्षण कार्यालय र जिल्ला विपद् व्यवस्थापन समितिको सहयोगमा हाँडेभिर, सहस्रधारा, र काँसेवगरमा ताराखेत कस्केरी र पखेरमा नदि नियन्त्रणका कार्यहरु गरिएको छ ।

१५.मंगला गाउपालिकामा आधारभुत खानेपानी आपूर्तिका लागि गाउँपालिकावाट साना खानेपानी योजना निर्माण तथा स्तोरउन्नति गरिएको छ भने प्रदेश सरकारको आर्थिक सहयोगमा दुखुखोला रणवाङ खानेपानी, भर्जुला सल्यान खानेपानी, भाइवाङ पैयूपाटा खुम्ल्या खानेपानी र भर्जुला सल्यान खानेपानी, न्यूखोला जुकेपानी आल्टा वनाह खानेपानी योजना निर्माण सम्पन्न हुने चरणमा रहेका छन्।

१६. यस गाउँपालिका क्षेत्रभित्र रहेका सवै वस्तिहरुमा विद्युत काठेपोल विस्थापन गरी स्टिल पोल मार्फत केन्द्रीय विद्युत प्रशारण लाइनलाई पुराउने कार्य सम्पन्न भई उज्यालो गाउँपालिका वनाइएको छ । साथै गाउँपालिकाको वडा नं १ र ५ मा रहेको लघु जलविद्युत लाई मर्मत गरी स्थानीयस्तरमा विजुली वाल्न घट्ट चलाउन प्रयोग गरिएको छ ।

१७. मंगला गाउपालिका क्षेत्र भित्र रहेका नदी तथा खोलाघाटमा आवतजावत गर्नका लागि गाउँपालिकाको पहलमा झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम टिविएसयुको सहयोगमा निम्नानुसार झोलुङ्गे पुल निर्माण समपन्न गरिएको छः

- काफलचौर कोत्रवाङ र न्यूखोला झोलुङ्गे पुल
- लुलियाघाट र खोलाखर्क झोलुङ्गे पुल

१८. स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तरगत हाँडेभिर तटवन्धन रु. २४ लाख, अर्मनखोला तटवन्धन रु. ८ लाख, हिलवाङ खोला तटवन्धन रु. ११ लाख, नेटा खेलमैदान रु. ७ लाख, न्यूखोला महेश धापुङ सिर्फु सडक रु. ८ लाख, र धापुङ वुकेनी खेलमैदान रु. १०  लाख प्राप्त भई  निर्माण कार्य भएको छ।

१९. गण्डकी प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार साझेदारी कार्यक्रम स्याग्दी ख अन्तरगत हिलवाङ्ग खोला खारा सिंचाइ योजना रु.४ लाख, पैयूँपाटा सामुदायिक भवन निर्माण रु. ५ लाख, मनकामना युवा क्लव खेलमैदान निर्माण रु. ५ लाख, ओखलढुङ्गा क्लसे वासवोट सिंचाइ योजना रु.५ लाख, मंगला शिक्षा क्याम्पस पूर्वाधार निर्माण रु. २५ लाख, रणवाङ्ग दरुङ हिदी खात्रुङखोला मोटरवाटो रु. १० लाख, शिव मन्दिर निर्माण पूर्णगाउँ रु. ५ लाख, पखेर पिङ्गे मोटरवाटो निर्माण रु. ११ लाख निर्माण भएका छन्।

२०. हाल सम्म एकीकृत तथा आमा समूह समेत का गरी ४० भन्दा बढि सामुदायिक भवनको निर्माण सम्पन्न भएको छ । सम्पन्न भएका केही  एकिकृत भवन निम्न अनुसार छन ।

| क्र.सं. | नाम |
|---|---|
| १ | लालि गुराँस सामुदायिक भवन |
| २ | एकीकृत सामुदायिक भवन न्यालेखोर |
| ३ | एकीकृत सामुदायिक भवन झाँक्रीपानी |
| ४ | गतिशिल युवा क्लव सामुदायिक भवन |
| ५ | न्युस्टार युवा क्लव सामुदायिक भवन |
| ६ | एकीकृत सामुदायिक भवन पाखर्क |
| ७ | सिमलचौर एकिकृत सामुदायिक भवन |
| ८ | एकीकृत सामुदायिक भवन तल्लो हिदी |
| ९ | पैयूपाटा एकिकृत सामुदायिक भवन |
| १० | एकीकृत सामुदायिक भवन कुर्सिम्ला |
| ११ | एकृकित सामुदायीक भवन घेरावार हीदी |

| क्र.सं. | नाम |
|---|---|
| १२ | एकिकृत सामुदायीक भवन निर्माण अर्मन |
| १३ | पानी वोट आमा समुह भवन निर्माण |
| १४ | डडुवा कुकुरविसौना आमा समुह भवन |
| १५ | न्यु स्टार युथ क्लवको नेतृत्वमा एकिकृत सामुदायीक भवन निर्माण क्रमागत |
| १६ | आर्वाङ्ग दलित भवन निर्माण |
| १७ | एकिकृत सामुदायीक भवन निर्माण झाँक्रपानी |
| १८ | थर्पु गाउ एकिकृत सामुदायीक भवन निर्माण योजना |
| १९ | सामुदायीक भवन निर्माण योजना |
| २० | शेराफाट एकिकृत सामुदायीक भवन |
| २१ | एकिकृत भवन निर्माण |
| २२ | विश्वकर्मा सेवा समाज भवन मर्मत |
| २३ | सग्राहलय पुर्वाधार स्थापना |
| २४ | एकृकित सामुदायीक भवन क्रमागत |
| २५ | सिमलचौर एकर्कित भवन शौचालय निर्माण |
| २६ | सिमल चौर एकिकृत भवन निर्माण |
| २७ | एकृकित सामुदायीक भवन निर्माण क्रमागत भाइवाङ |
| २८ | गतिशिल युवा क्लवको नेतितृत्वमा एकिकृत सामुदायीक भवन निर्माण क्रमागत |
| २९ | न्यु स्टार युवा क्लवको नेतितृत्वमा एकिकृत सामुदायीक भवन निर्माण क्रमागत |

| क्र.सं. | नाम |
| --- | --- |
| ३० | एकिकृत सामुदायीक भवन निर्माण क्रमागत झाक्रेपानी |
| ३१ | उलेना खेल मैदान तथा सामुदायीक एकिकर्त भवन निर्माण |
| ३२ | एकृकित भवन निर्माण किमचौर |

२१. धर्म संस्कृतिका प्रवर्द्धन एवं संरक्षण गर्नका लागि दुर्गा कालिका मन्दिर पाँखु, चैतेदशै मन्दिर पूर्णगाउँ, शिवालय मन्दिर दह, शिवालय मन्दिर रणवाङ, भैरवथान मन्दिर, मालिका मन्दिर खानीगाउँ निर्माण तथा मर्मत सम्भार गरिएकोछ ।

२२. मंगला गाउँपालिकाबाट हालसम्म ३५ भन्दा बढि खेलमैदान निर्माण तथा मर्मत सम्भार गरी विशेषत युवा लक्षित कार्यक्रमलाइ जोड दिइएको छ ।

२३. ढुंगा, गिट्टी, बालुवा, माटो जस्ता प्राकृतिक एवं नदीजन्य वस्तुको विक्री तथा निकासी शुल्क/दस्तुर संकलन गर्न गाउँपालिका क्षेत्रभित्रका वगर, घाटहरुको नयाँ थप स्थानहरुको पहिचान गरी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार भएको र प्रदेश कानुनको आधारमा आय ठेक्का समेत सम्झौता गरी स्थानीय कर संकलनको दायरा वढाउने कार्यलाइ प्राथमिकतामा राखि आन्तिरक आयलाई वृद्धि गर्दै लगिएको छ।

२४. गाउँपालिकाले गाउँपालिका भित्र प्राकृतिक तथा मानव सृजित घटनाहरुको तत्कालै सम्वोधन गरी स्थानीय सरकारको अनुभूति दिने प्रयास गर्दै आएको छ। साथै दुर्घटनामा घाइतेको तत्काल उद्धारका लागि हेलिप्याडको निर्माण गरिएको छ। सो प्रयोजनका लागि विपद व्यवस्थापन कोषबाट तत्काल वजेट प्रवन्ध गर्नुका साथै अग्नि पिडीत, वाढी पिडित, दैवी प्रकोपका क्षेत्रमा समेत बस्तु तथा आर्थिक सहायता समेत प्रदान गर्दै आएको छ।

२५. बाढि पहिरो बाट सिर्जीत विपद ब्यबस्थापन गर्न बैदेशिक रोजगारमा रहेका नेपाली बन्धु, स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारसहयोगमा अस्थायी आवास ,ग्यावीन तार जाली लगायतका सामग्री वितरण र नदि नियन्त्र जस्ता कार्य गरिएको छ ।

२६. सवै वडाका ज्येष्ठ नागरिक तथा अपाङ्गता परिचय-पत्र वितरण कार्य गाउँपालिकाको कार्यालयवाट गरिएको छ। महिला क्षमता अभिवृद्धि तथा सशक्तिकरण कार्यक्रम लगायत लैङ्गिक हिंसा विरुद्धको अभियान विद्यालय र समुदाय स्तरमा संचालन गरिएको छ।

२७. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आव २०७५।७६ देखि २०७८।७९ सम्म कूल २४९३ जना बेरोजगारको रुपमा सुचिकृत भएका र ५६७ जना रोजगारीमा संलग्न भै रहेका छन । रोजगार ब्यक्तीहरुले पदमार्ग निर्माण मोटर बाटो निर्माण खानेपानी योजना संचालन जस्ता कार्यमा संलग्न छन ।

२८. विपदबाट घर पूर्ण क्षति भएका घरहरुको लागि संघिय सरकारबाट यस गाउँपालिकामा १९ वटा नयाँ घर निर्माणको लागि छनौट गरेर रु ५ लाख अनुदान प्राप्त गर्ने निर्णय भई १४ घरलाई दोस्रो किस्ता रकम समेत हस्तान्तरण भैसकेको छ भने बाँकी घरले प्राप्त गर्ने चरणमा छन् ।

२९. यस गाउँपालिकाको पहलमा सहयोगी संस्था मोना आइ सी सी ले यस गाउँपालिकामा विपद बाट घर पूर्ण क्षति विस्थापीत भएका परीवारको लागि ४ वटा घर निर्माण गरी हस्तान्तरण भएका छन ।

३०. नेपाल सरकारको अनुदान र मंगला गाउँपालिकाको थप सहयोगमा हालसम्म १६०खरको छाना भएका घरधुरीमा खरको छाना विस्थापित गरी टिनको व्यवस्थित छाना लगाउने कार्य सम्पन्न भएको छ ।

३१. गरीवि निवारणका लागि लघु उद्म विकास कार्यक्रम अन्तरगत हाल सम्म १८० जनाले उद्दमशीलता तालिम प्राप्त गरेका छन ।सीप विकास तालिम तर्फ ढाका बुनाइ २२ जना सिलाइ कटाइ २० जना कुखुरा पालन १९ जना बाख्रापालन ३४ जना तरकारी खेती ३१ जना गरी ११३ जनाले तालिम प्राप्त गरेका छन ।

३२. प्रविधी हस्तान्तरण तर्फ २ वटा ढाका तान सेट १० वटा मेसीन १९ टनेल सिलाइइ कटाइ मेसीन ६ वटा र तरकारी विउ वितरण गरीएको छ ।

३३. हालसम्म यस गाउँपालिकाबाट ६३ जना दीर्घरोघीलाई विपन्न नागरिक निशुल्क औषधि उपचारको लागि सिफारिस गरिएको छ भने जना गरिव विपन्न नागरिकलाई राहत स्वरुप १० हजार देखि १५ हजार सम्म आर्थिक सहयोग गरिएको छ ।

**प्रमुख अतिथिज्यू तथा गाउँसभाका सदस्यज्यूहरु,**

अब म यहाँहरु समक्ष मंगला गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को लागि तर्जूमा गरिएको नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१. सिमित स्रोत र साधनबाट मंगला गाउँपालिकाको आवश्यकता र गाउँपालिकावासीको चाहनालाई पूरा गर्नुपर्ने परिस्थितिका बीच यस्ता आवश्यकता चाहना र समस्याहरुलाई प्राथमिकताका आधारमा क्रमशः सम्बोधन गर्दै जाने नीति लिईनेछ ।

२. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९, विश्वमा देखिएको आर्थिक संकट, बाढी पहिरो जस्ता विपत्तीको कारण स्वदेश तथा विदेशमा रोजगारी गुमाएका व्यक्तिहरु, श्रमिक, किसान, असहाय व्यक्ति र गरिव तथा विपन्न वर्गका परिवारलाइ लक्षित गरी स्वास्थ्य, शिक्षा लगायत क्षेत्रमा सुविधा, सीप विकास तालिम, साथै रोजगारी एवं आय आर्जनको लागि माग र आवश्यकताको आधारमा विभिन्न योजना तथा कार्यक्रम संचालनमा ल्याइने छ।

३. स्थानीय विकास निर्माणको काम गर्दा वातावरण मैत्री र उत्थानशिल दीगो विकासको अवधारणा अनुसार अगाडि बढाउन सकिएन भने यसले विनाशलाई स्वतः निम्त्याउने कुरा सबैलाई अवगत भैसकेको छ। त्यसैले अव उप्रान्त विकासका हरेक क्रियाकलापहरुलाई दीगो बातावरणमैत्री बनाइनेछ । सिमित स्रोत साधनको कुशलतम प्रयोग र स्थानीयबासीको समेत सक्रीय सहभागिता प्राविधिक वातावरणीय आर्थिक र सामाजिक पक्षहरुको विश्लेषणबाट मात्र विकास र निर्माण कार्य अगाडी बढाइनेछ ।

४. गाउँपालिकाको दीगो तथा एकीकृत विकासको लागि गहिरो अध्ययन गरी आवधिक योजना मध्यकालिन खर्च संरचना, क्षेत्रगत र समग्र गुरु योजना, योजना वैंक तयार पारी कार्यान्वयन गरिने छ।

५. गाउँपालिकाको हरेक क्षेत्रको अभिलेख राख्न, चिनारी दिन र बजेट तथा कार्यक्रममा तर्जुमामा सहयोग पुराउन मंगला गाउँपालिकाको सम्पूर्ण क्षेत्रलाई समेटी अभिलेखिकरण गर्नको लागि डिजिटल प्रोफाइल तयार पारिनेछ ।

६. यस गाउँपालिका मनसुनको समयमा बाढी तथा पहिरो, आगलागि तथा अन्य विपत्तीबाट प्रभावित हुने क्षेत्र भएकोले नागरिकलाई तत्काल उद्धार गरी राहत उपलब्ध गराउन गाउँपालिकाले "मंगला गाउँपालिका विपद व्यवस्थापन कोष" स्थापना गरी कार्यान्वयन गरिनेछ ।सवै वडामा विपत्तीको समयमा उद्दार र राहतको लागि तालिम प्राप्त जनशक्तिको टिम—रेपिड रेसपोन्स टिम लाई तयारी हालतमा राखिनेछ । सवै वडामा विपत्तीको समयमा उद्दार र राहतका सामाग्रीहरु तयारी हालतमा राखिनेछ ।

७. २०७७ साल र २०७८ सालको मनसुनजन्य विपदबाट यस गाउँपालिकाको विभिन्न वस्ती स्थानान्तरण गर्नुपर्ने भनी तोकिएको वस्तीको स्थानान्तरण तथा व्यवस्थापनको लागि प्रदेश सरकार र संघीय सरकारसँग विशेष पहल गरिनेछ । आंशिक क्षति भएको घरहरुको लागि संघीय सरकारबाट प्राप्त हुने अनुदान प्राप्त गर्न विशेष पहल गरिनेछ । पूर्ण क्षति भएका घरहरु नयाँ निर्माण वापत पाउनुपर्ने बाँकी किस्ता रकम शिघ्र उपलब्ध गर्न विशेष पहल गरिनेछ ।

८. गाउँपालिकालाई आर्थिक क्षेत्रमा आत्मनिर्भर बनाउँदै लैजान आन्तरिक आय वढाउन अति जरुरी छ । स्थानीय कर राजश्व र गैरकर राजश्वको दायरालाई फराकिलो पार्दै वैज्ञानिक कर प्रणाली लागु गरिनेछ । गाउँपालिकामा कर शिक्षा कार्यक्रम लागु गरी कर तिर्ने भावनाको विकास गरिनेछ । राजस्व संकलनको लागि सूचना प्रविधिको विकास गरिनेछ ।

९. मंगला गाउँपालिकामा सवैभन्दा बढी कर तिर्ने उत्कृष्ट करदातालाई सम्मान गरी कर तिर्नको लागि प्रोत्साहित गरिनेछ ।साथै अपाङ्गता, अति गरिव, जेष्ठ नागरिक र विपदमा परेका परिवारलाई सिफारिस दस्तुर मिनाहा गरिनेछ ।

१०. गाउँपालिकाबाट हुने सेवा प्रवाह, सञ्चालन हुने विभिन्न प्रकारका कार्यक्रम, विकास निर्माण सम्वन्धी कार्य, खरिद कार्यहरु र अन्य क्रियाकलापहरु पूर्णरुपले पारदर्शी, मितव्ययी, जनउत्तरदायी बनाउदै सबै प्रकारका भ्रष्टचार, अनियमितता, ढिलासुस्तीलाई अन्त्य गर्दै आम नागरिकलाई सुशासन र अमन चयनको प्रत्याभूति हुने व्यवस्थालाई निरन्तरता दिइने छ।

११. यस गाउँपालिकाको सेवा प्रवाहलाई जनचाहना अनुरुप आधुनिक र सूचनाप्रविधिमैत्री वनाउन, गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेट पूर्ण रुपमा कार्यान्वयन गरी शत प्रतिशत उपलब्धीहरु हासिल गर्न संस्थागत क्षमता विकास गर्ने, मासिक चौमासिक समिक्षा, सार्वजनिक सुनुवाइ, सामाजिक परिक्षण जस्ता विधिहरु अपनाइनेछ । सेवा प्रवाह र विकास कार्यबाट पूर्ण रुपमा उपलब्ध हासिल गर्न जनप्रतीनीधि तथा कर्मचारीको क्षमता विकासका कार्यक्रमहरु कार्यान्वनय गरिनेछ । कर्मचारीको कार्यसम्पादन चुस्त दुरुस्त वनाउन दण्ड र पुरस्कारको विधि अवलम्वन गरिनेछ ।

१२. गाउँपालिकामा हुन सक्ने सम्भावित आर्थिक तथा अन्य अनियमितताहरुलाई पूर्णतः नियन्त्रण तथा नियमन गर्नका लागि हरेक महिना प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका अध्यक्ष समक्ष प्रस्तुत गरेको विस्तृत प्रतिवेदन कार्यपालिकाको बैठकमा छलफलका वश्लेषण गरी समाधानका उपायहरुको उचित निर्णय लिइनेछ ।

१३. गाउँपालिकाबाट चयन भएका आयोजनाहरुको गुणस्तर सुनिश्चित गर्न आयोजनाहरुको अनुगमन, मुयाङ्कन, सुपरिवेक्षण र प्रतिवेदन कार्यलाई प्रभावकारी बनाउँदै प्रतिवेदनबाट प्राप्त हुने सुझावलाई भावि योजना निर्माण तथा कार्यान्वयनमा उपयोग गरीने छ । साथै यथा सिघ्र गाउँपालिकाको योजना अनुगमन तथा सुपरिवेक्षण कार्यविधि तर्जुमा गरी लागु गरिने छ । मंगला गाउँपालिकामा उपभोक्ता समितिबाट सम्पन्न गरिने योजनाहरुको सम्झौता, अभिलेख व्यवस्थापन तथा प्रतिवेदन कार्यलाई सरल, सहज र प्रभावकारी बनाउनको लागि आ.व. २०७९/८० देखिनै योजना सफ्टवेयर को व्यवस्था गरीने छ ।

१४. गाउँपालिकाको सेवा प्रवाहलाई व्यवस्थित गरी गाउँपालिकावासीका अधिकांश आवश्यकता पूरा गर्न र समस्या समाधान गर्नको लागि, प्रभावकारी सेवा प्रवाह गर्नको लागि गाउँपालिकाको प्रशासनिक भवन अति आवश्यक छ जुन स्थानीय तहको सिंहदरवारको रुपमा परिचय राख्दछ । मंगला गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागि आवश्यक जग्गा व्यवस्थापन गरी भवन निर्माण कार्यको सुरुवात गरिनेछ ।

१५. मंगला गाउँपालिकामा निजी तथा गैरसरकारी क्षेत्रको अधिक भन्दा अधिक लगानी तथा पुँजी भित्राउनको लागि कुनै उद्योगधन्दा व्यवसाय खोल्न वा कुनै प्रयोजनको लागि पुँजी लगानी गर्ने व्यक्ति वा संस्थालाई विभिन्न प्रकारका छुट सहुलियत दिएर आकर्षित गरिनेछ ।

१६. गाउँपालिकाको चिनो कार्यक्रम अन्तरगत यस गाउँपालिकालाई निशुल्क वा सहुलियतमा जग्गा जमिन वा भवन उपलब्ध गराइ सहयोग गर्ने, उद्योग व्यावसाय तथा निर्माण कार्यमा, सामाग्री, सेवा

प्रवाह  लगायत कुनै प्रकारको कार्यमा सहयोग गर्ने व्यक्ति संघसस्थाहरुलाई चिनोको रुपमा निजहरुको शालिक वा प्रतिमा निर्माण गर्ने, शिलालेख राख्ने वा अन्य प्रकारको सम्मान कार्यक्रम राखिनेछ ।

## आर्थिक विकासः कृषि पशुपालन पर्यटन सिंचाइ क्षेत्र

१७. म्याग्दी जिल्लाकै अन्न भण्डारको रुपमा रहेको यस गाउँपालिकाको कृषियोग्य भूमिमा गुणस्तरीय खाद्यान्न उत्पादन गरी उत्पादकत्व वृद्धि गर्नको लागि सिँचाईकूलो, उपयुक्त विउविजन र आवश्यक रासायनिक तथा प्रांगारिक मलको व्यवस्थापन गरिनेछ । रोग किरा नियन्त्रणको लागि दक्ष कृषि प्राविधिक जनशक्तिको पर्याप्त व्यवस्था गरिनेछ । व्यवसायकि उत्पादन र बजारीकरणको लागि अनुदान र प्रवर्धनको नीति लिइनेछ ।

१८. कृषि प्राविधिक सहयोग, कृषि सामाग्री तथा विउविजन अनुदान उपलब्ध गराइ व्यावसायिक तरकारी खेतीको लागि कृषकहरुलाई प्रोत्साहन गरिनेछ भने बजारीकरणको लागि आवश्यक सहयोग गरिनेछ ।

१९. मंगला गाउँपालिका बाख्रा पालनको लागि उपयुक्त क्षेत्र भएकोले आधुनिक बाख्रा खोर उन्नत जातको बाख्रा नश्ल अनुदान मार्फत व्यवसायिक बाख्रापालनलाई प्रोत्साहन गरिनेछ ।भेडा पालन, कुखुरा पालन, वंगुरपालन, माछापालन, भैसी पालन, व्यावसायलाई प्रोत्साहन र सहयोग गर्न अनुदान कार्यक्रमहरु सञ्चालन गरिनेछ ।घाँसकाको लागि उन्नत जातका विउ तथा घाँसका विरुवा अनुदानमा वितरण गरिनेछ ।

२०. पशु खोप कार्यक्रम मार्फत स्वस्थ पशु तथा मासु उत्पादनमा जोड दिइनेछ भने पशु विमा कार्यक्रम मार्फत पशुपालनमा हुने जोखिम न्यूनिकरणको लागि कार्यक्रमहरु ल्याइनेछ ।

२१. गाउँपालिकाको सुन्तला तथा अन्य नगदे फलफुल उत्पादन हुने क्षेत्रमा व्यवसायिक उत्पादनको लागि विशेष कार्यक्रमहरु लागु गरिनेछ ।

२२. प्राङ्गारिक मल र रसायन मुक्त उत्पादनलाई थप प्रभावकारि र उपयोगी बनाउनलाई गाउँपालिका अन्तर्गतका घर, विभिन्न माध्यमिक विद्यालय तथा सार्वजनिक स्थलमा  मानव-मूत्र एवं पशु-मुत्र संकलन तथा प्रयोग गर्ने विधि प्रकृयालाइ निरन्तरता दिदै वैज्ञानिक भकारो सुधार र सार्वजनिक शौचालयको निर्माण गरिने छ।

२३. संघीय सरकारको आलु धान र बाख्रा पकेट क्षेत्र कार्यक्रम अन्तरगत घोषणा भएका पकेट क्षेत्रलाई प्रभावकारी वनाइ व्यवसायिक उत्पादनलाई जोड दिन गाउँपालिकाबाट विशेष पहलहरु गरिनेछ ।

२४. गाउँपालिका क्षेत्रभित्र रहेका वाँझो जग्गाको लगत संकलन गरी जग्गा धनीसंगको सहकार्यमा भूमि व्यवस्थापन तथा सदुपयोगको लागि स्थानीय कृषकहरुको सहभागितामा वाँझो जग्गामा कृषि तथा पशुपालन व्यवसाय संचालन गर्ने नीति लिइने छ।

२५. मंगला गाउँपालिका क्षेत्रभित्र उत्पादित कृषि उपजहरुको भण्डार तथा व्यवस्थापनको लागि प्रदेश र संघीय सरकारको समन्वयमा चिस्यान केन्द्र निर्माण गर्ने व्यवस्था मिलाइने छ।

२६. झाँक्रिपानी, चाँगा, तिनचुले, चिनाकोट दरवार, टोड्के, मालिकाधुरी, सिमलचौर लामोछहरी, लट्टेखोरियामा, कुँहु गुफा पर्यटन पूर्वाधार विकास तथा प्रचारप्रसार गर्ने कार्यलाई वढावा दिई पर्यापर्यटन विकास गरिनेछ ।

२७. स्वास्थ्य र पर्यटन प्रवर्द्धनको लागि पर्यटन पदमार्गहरु खोजी तथा निर्माण कार्य गरिनेछ ।

२८. मंगला गाउँपालिकाको समग्र पर्या-पर्यटन विकासलाई आय-आर्जनको प्रमुख क्षेत्रको रुपमा विकास गर्न भैरहेका पर्यटकीय स्थलहरुमा पदमार्ग, सामुदायिक लज, भ्यू टावर, पार्क निर्माण एवम् होम स्टे निर्माण कार्य गरिने छ। यसका लागि नयाँ सम्भाव्यता अध्ययन गरि विस्तृत परियोजना प्रतिवेदनका आधारमा संघीय र प्रदेश सरकारसंगको सहकार्यलाइ जोड दिइने छ।

२९. मंगला गाउँपालिका अन्तर्गत रहेका भाषा, सँस्कृति, साँस्कृतिक-धार्मिक तथा ऐतिहासिक स्थलहरु जस्तैः कोट, मन्दिर, गुम्बा आदिको संरक्षण तथा संबर्द्धनका लागि आवश्यक कार्यक्रमहरु तय गरी सञ्चालन गरिने छ।

<u>पूर्वाधार क्षेत्रः सडक पुल भवन र अन्य निर्माणका क्षेत्र</u>

३०. यस गाउँपालिकाका सवै गाउँ वस्ति ग्रामिण सडक सञ्जालमा जोडिएको छ । यी स्थानीय ग्रामिण सडकहरुको क्रमश मर्मत सम्भार र स्तरोन्नती गरी हरित सडकको अवधारणा अनुसार स्थानीय जनसहभागिताको गराई सडक किनारामा वृक्षारोपण र भलपानी व्यवस्थापन कार्य गरी सुरक्षित सडक र सुरक्षित वस्तीको विकास गरिनेछ ।

३१. गाउँपालिकाका मुख्य र रणनौतिक सडकहरुको स्तरोन्नती गरी सडक यातायातलाई सुरक्षित र व्यवस्थित गरिनेछ । सडक स्तरोन्नती गर्दा वायो इन्जिनियरिङ र नालि तथा भलपानी व्यवस्थापनलाई अनिवार्य गरी बाढी पहिरो नियन्त्रण गर्ने, सडक सुरक्षित गर्ने, वस्ती सुरक्षित, खेतीयोग्य जमिन सुरक्षित गर्ने कार्यलाई विशेष जोड दिइनेछ । नयाँ सडक निर्माण तथा सडक स्तरोन्नती कार्यलाई स्थानीय आवश्यकता र प्राविधिक दृष्टी उपयुक्तताको आधारमा व्यापक छलफलबाट मात्र अगाडि बढाइनेछ ।

३२. गाउँपालिकाभित्रका मुख्य र रणनैतिक सडकहरुलाई कालोपत्रे तथा ढलान गर्दै जाने नीति अवलम्वन गरिनेछ ।

३३. गाउँपालिकाका भित्र रहेका खहरे खोलामा आवश्यकता अनुसार मोटरेवल पुल तथा झोलुङ्गे पुल निर्माणको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

<u>सामाजिक विकासः शिक्षा युवा खेलकुद स्वास्थ्य खानेपानी सामाजिक सेवा क्षेत्र</u>

३४. वालवालिकालाई निशुल्क र आधारभूत शिक्षा सुनिश्चित गर्न कुनै पनि वालवालिकालाई विद्यालयबाट वाहिर रहने अवस्था आउन नदिन विशेष कार्यक्रम लागु गरिनेछ ।

३५. मंगला गाउँपालिकाका सम्पूर्ण नागरिकलाई शिक्षित र साक्षर वनाई पूर्ण साक्षर गाउँपालिका घोषणा गर्ने व्यवस्था गरिनेछ ।

३६. मंगला गाउँपालिकाको शिक्षा क्षेत्रको समग्र विकासको लागि तयार पारिएको १० वर्षे शिक्षा क्षेत्र योजनालाई क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।

३७. शून्य दरबन्दी भएका विद्यलायमा लागत सहभागितको आधारमा शिक्षक अनुदान दिने कार्यक्रमलाइलाई निरन्तरता दिइने छ। शिक्षक दरबन्दी मिलान तथा शिक्षक स्थानान्तरण र ब्यबस्थापन लाई निरन्तर कायम राखिने छ। अत्यन्त न्युन् विद्यार्थी भएको विद्यालयलाई नजिकको विद्यालयमा समायोजन गर्न समुदायलाई प्रोत्साहन गरिने छ। ठुला विद्यालयहरुलाई आवासीय विद्यालयको रुपमा विकास गर्ने निती लिइने छ।

३८. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धिको लागि विद्यालयमा विद्यालय पुस्तकालय स्थापना, शिक्षणमा सूचना तथा संचार प्रविधिको प्रयोग, विज्ञान प्रयोगशालाको स्थापना जस्ता कार्यक्रमलाई निरन्तता दिइने छ।

३९. शिक्षकहरुलाई क्षमता विकास र निरन्तर अद्यावधिक रहनको लागि तालिम अभिमुखिकरण र प्रोत्साहन को व्यवस्था गरिनेछ । विद्यालय ब्यबस्थापन समिति र प्रधान अध्यापकको नेतृत्व र ब्यबस्थापकिय क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ। शिक्षकहरुको पेशागत क्षमता अभिवृद्धिका लागि प्रदेश स्तरीय शैक्षिक तालिम केन्द्र, दमौलिसङ्ग समन्वय गरी व्यवस्थापन तथा शिक्षण विधि सम्वन्धि तालिम संचालनको व्यवस्था मिलाइने छ।

४०. गाउँपालिका अन्तरगतका विद्यालयहरुमा शिक्षण सिकाइ, अतिरिक्त क्रियाकलाप, विद्यालय पूर्वाधार, सूचना प्रविधि आदि कुराहरुमा न्यूनतम एकरुपता कायम हुनेगरी व्यवस्था गर्ने नीति लिइ बजेट व्यवस्थापन गरिनेछ ।

४१. विद्यालयको शैक्षिक सुधार, उपलब्धी, समग्र व्यवस्थापन तथा कार्यसम्पादनको नियमित समिक्षा गरी दण्ड र पुरस्कार नीतिसँग आवद्ध गरिनेछ ।

४२. संघीय सरकारको दिवा खाजा कार्यक्रमको समिक्षा गरी थप प्रभावकारी वनाइनेछ । ५ बर्ष मुनिका बालबालिकाको बौद्धिक विकासमा पोषणको महत्वपूर्ण भूमिका हुने भएकोले **अध्यक्ष संग बालबालिका** कार्यक्रम संग आवद्ध गरी प्रारम्भिक बालविकास केन्द्रमा अध्ययन गर्ने बालबालिकाहरुलाई विद्यालय मार्फत् दैनिक १ गिलास दुध उपलब्ध गराउने ब्यबस्था निरन्तरता दिइनेछ ।

४३. सक्षम एवं जिम्मेवार शिक्षक, लगनशील विद्यार्थी र सुब्यबस्थित विद्यालय विकासका लागि विद्यार्थी, शिक्षक र विद्यालयलाई पुरस्कृत गरिने छ। प्रतिभा पहिचान कार्यकम मार्फत् शिक्षक तथा विद्यार्थीहरुमा लुकेको प्रतिभा पहिचान र प्रष्फुटनको कार्यक्रम अगाडि बढाइने छ। विद्यालय संरचना निर्माणलाई बालमैत्री बनाइने छ।

४४. विद्यालयमा छात्राहरु स्वास्थ्य सुरक्षा गरी उनिहरुको नियमितता र टिकाउदर वृद्धिका लागि कक्षा ६-१२ सम्म अध्ययन गर्ने छात्राहरुलाई निःशुल्क सेनिटरी प्याड वितरणको ब्यबस्थालाई प्रभावकारी बनाइने छ।

४५. राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले गरेको ब्यबस्था बमोजिम कक्षा १-५ सम्मको स्थानीय पाठ्यक्रम निर्माण भैसकेको र ६—८ पाठ्यक्रम निर्माणको चरणमा रहेको छ । कक्षा १-४ र

कक्षा ६–७ सम्मको स्थानीय विषयको पाठ्यपुस्तक तयार पारी विद्यालयमा निःशुल्क वितरण गरिने छ।

४६. विद्यालय क्षेत्रको समग्र विकासको लागि आवधिक योजना निर्माण र अद्यावधिक गर्न अनिवार्य गरिने छ। उत्कृष्ट विद्यलाय सुधार योजना निर्माण र कार्यान्वयन गर्न प्राविधिक सहायता उपलब्ध गराइने छ।

४७. शैक्षिक सुशासन र प्रबर्द्धनका लागि  जनप्रतिनिधी, कर्मचारी तथा विज्ञ शिक्षकहरुको समूह बनाई विद्यालयको सामुहिक सुपरीबेक्षण र पेशागत सहयोग उपलब्ध गराउने ब्यबस्था मिलाईने छ। गाउँपालिका स्तरीय विज्ञ शिक्षकहरुको रोष्टर तयार पारी शिक्षकहरुलाई पेशागत सहयोग उपलब्ध गराइने छ।

४८. हरेक विद्यालयमा कम्प्युटर र इन्टरनेटको पहुँच पुऱ्याउन र गुणस्तरीयता कायम राख्न आवश्यक ब्यबस्था मिलाइने छ। विद्यालयमा सूचना तथा संचार प्रविधिको आवश्यक ब्यबस्था सहित शिक्षक तथा विद्यार्थीलाई प्रविधी मैत्री बनाई आपतकालिन अबस्था र शङ्कटपूर्ण घडिमा समेत बैकल्पिक माध्यमबाट सिकाई सहजीकरण प्रकृयालाई निरन्तरता दिइने छ। माध्यामिक विद्यालयहरुमा स्मार्ट वोर्ड मार्फत पठनपाठनको लागि तालिम तथा सहजीकण गरिनेछ ।

४९. विद्यालयको समग्र विकासमा गाउँपालिका अध्क्षय शैक्षिक सुधार कार्यक्रम मार्फत् विद्यालयको क्षमता विकास, सूचना तथा संचार प्रविधिको प्रयोग स्मार्ट स्कुल जस्ता कम्प्यूटर सफ्टवेर मार्फत् सामुदायिक विद्यालयको स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

५०. मंगला माध्यामिक विद्यालयमा सञ्चालित कृषि प्राविधिक धारको ११ र १२ कक्षा सञ्चालन प्रभावकारी र उपलब्धीमूलक वनाई कृषि क्षेत्रको अध्ययन अनुसन्धान कार्यमा सहयोग पुराइनेछ।

५१. प्रारम्भिक वालविकास केन्द्रमा कार्यरत शिक्षकहरु र विद्यालय कर्मचारीहरुलाई विशेष तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

५२. आमा र वच्चाको स्वास्थ्य र वाल विकासलाइ मध्यनजर गर्दै सामुदायिक विद्यालयमा कार्यरत महिला शिक्षकहरु सुत्केरी विदामा रहदाँ वैकल्पिक शिक्षकको व्यवस्था गरी पठनपाठनलाई सुचारु गरिने छ ।

५३. गाउँपालिका भित्र संचालनमा रहेका सामुदायिक सिकाइ केन्द्रलाइ सबलिकरण गरिने छ। सिकाइ संस्कृतिको विकासका लागि सामुदायिक पुस्तकालय स्थापना गर्न आवस्यक ब्यबस्था मिलाइने छ ।

५४. मंगला गाउँपालिका क्षेत्र भित्रका गरीव, विपन्न, जेहन्दार तथा पछाडि पारीएका/अति विपन्न परिवारका विद्यार्थीहरुका लागि शैक्षिक सामाग्री उपलव्ध गराउन र प्राविधिक शिक्षा हाँसिल गर्न छात्रवृति प्रदान गर्ने कार्यलाइ निरन्तरता दिइने छ।

५५. प्रारम्भिक वालविकास विद्यालय शिक्षाको आधारस्तम्भ भएकोले यस गाउँपालिकाले एक विद्यालय एक वाल विकास केन्द्र नीति लिइनेछ । यसका लागि संघीय सरकारसँगको समन्वयमा School

Mapping गरी वालविकास केन्द्र नभएको विद्यालयमा र अन्य आवश्यक स्थानहरुमा वाल विकास केन्द्र स्थापना गरिनेछ ।

५६. पश्चिम म्याग्दी क्षेत्रमा रहेको एक मात्र मंगला शिक्षा क्याम्पसलाई वहुविषयक क्याम्पसमा रुपान्तरण गर्नका लागि आवश्यक पर्ने आधारभूत आर्थिक, भौतिक तथा अन्य व्यवस्थापकीय क्षेत्रमा क्रमशः सहयोग गर्दै जाने नीतिलाई निरन्तरता दिइनेछ।

५७. गाउँपालिकामा बालमैत्री संरचना तथा कार्यक्रम सञ्चालन गर्दै क्रमशः सवै वडालाई बालमैत्री वडा घोषणा गरिनेछ । गाउँपालिकास्तरीय वालसञ्जाललाई प्रभावकारी वनाई वालवालिकाको हकहित र कार्यक्रम सञ्चालनमा सहभागी गराइनेछ ।वालवालिकाको वृद्धि विकास र क्षमता प्रस्फुटनमा सहयोग पुराउन मंगला इन्द्रेणी पार्कमा बालमैत्री उद्यान निर्माण गरिनेछ ।

५८. वालवालिकाको अधिकार सुनिश्चित गरी भोलिका देशका कर्णधारको रुपमा रहेका वालवालिका संरक्षरण गर्न गाउँपालिका क्षेत्रमा वालश्रमको अन्त्य गरी वालश्रममुक्त गाउँपालिका घोषणा गरिनेछ ।

५९. खेलाडीहरु राष्ट्रका गौरव, ईज्जत र प्रतिष्ठा भएकोले मंगला गाउँपालिका अन्तर्गत रहेका आम खेलप्रेमी यूवाहरुलाई गोलबद्ध गर्दै उनीहरुको चाहना र आवश्यकता अनुसारको खेलकुद र यससँग सम्बद्ध सवै पक्षको विकास, विस्तार एवम् व्यवस्थापन गर्न गठन भएको मंगला गाउँपालिका स्तरीय खेलकुद विकास समिति मार्फत् गाउँपालिका स्तरीय खेलकुद र विद्यालय स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता आयोजना गरिने छ।

६०. "योग गरौं स्वस्थ रहौं" भन्ने नाराका साथ गाउँपालिका स्तरमा योगाभ्यास कक्षा सञ्चालन गरिने छ। साथै विद्यालय तहमा योग शिक्षा सञ्चालन गर्न शिक्षक तथा विद्यार्थीलाइ प्रोत्साहन गर्ने नीति लिइने छ।गाउँपालिकामा रहेको नागरिक आरोग्यकेन्द्र मार्फत आर्युवेद सम्वन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

६१. गाउँपालिका अन्तर्गतका हरेक स्वास्थ्य संस्थाले आफ्नो कार्यक्षेत्रका हरेक विद्यालयका विद्यार्थिहरुको मासिक निःशुल्क स्वास्थ्य परिक्षण गर्ने नितिलाई कडाइका साथ लागू गरिने छ।

६२. स्वास्थ्य संस्थाको सहयोगि भुमिकामा रहि समुदायमा महिला स्वयं सेविकाको रुपमा काम काज गर्दै समुदायमा चेतना फैलाउने महिला स्वयं सेविकाहरुलाई क्षमता तालिम तथा प्रोत्साहनका कार्यक्रम गरी महिला स्वास्थ्य स्वयंसेविकासको भूमिका प्रभावकारी वनाइनेछ ।

६३. स्वस्थ रहनु र स्वास्थ्य सेवा पाउँनु मानिसको आधारभूत आवश्यकता र अधिकारको विषय हो भन्ने मान्यता अनुरुप स्वास्थ्य संस्थाहरुको संस्थागत क्षमता विकास, न्यूनतम आवश्यक पूर्वाधार निर्माण र जनशक्ति व्यवस्थापन गरी स्वास्थ्यसंस्था र स्वास्थ्य सेवा प्रवाहको व्यापक सुधार गरिनेछ ।

६४. स्वास्थ्य संस्थाको व्यवस्थापन र सेवा प्रवाहमा स्वास्थ्य संस्थाका कर्मचारी, व्यवस्थापन समिति, जनप्रतीनिधि र आम नागरिकको सहभागिता गराई सेवा प्रवाहलाई चुस्त र दुरुस्त र प्रभावकारी वनाइनेछ । स्वास्थ्यकर्मीहरुको कार्यसम्पादनलाई मूल्यांकन गरी दण्ड र पुरस्कारको विधिसँग आवद्ध गरिनेछ भने उत्कृष्ट कार्यसम्पादन गर्ने स्वास्थ्यकर्मीलाई पुरस्कारको व्यवस्था गरिनेछ ।

६५. मंगला गाउँपालिकामा सामुदायिक स्वास्थ्य इकाई आवश्यकताको मागलाई सम्वोधनको लागि Organization and Management Survey गरी आवश्यक स्थानहरुमा स्थापना गरिनेछ भने स्थापना भएका इकाइहरुलाई सुविधासम्पन्न वनाउन आवश्यक व्यवस्था गरिनेछ ।

६६. कोभिड-१९, डेङ्गी, स्क्रप्ट टाइफस, एचआइभि, टिभि आदि सरुवा रोगहरुको रोकथाम तथा नियन्त्रणका लागि विद्यालय तथा वडा स्तरीय सचेतना कार्यक्रमका सञ्चालन गर्ने, स्वास्थ्य परिक्षण गर्न स्वास्थ्यकर्मीलाई टोलटोलमा पुराउने व्यवस्था गरिनेछ ।

६७. मातृ स्वास्थ्यलाई मध्यनजर गर्दै सुरक्षित गर्भपतनलाई जोड दिई समाजमा छोरा र छोरीबीचको भेदभाव अन्त्य गर्न, लिङ्गको आधारमा हुने गर्भपतलाई न्यूनीकरण गर्न, मातृस्वास्थ्य सुरक्षालाई प्रोत्साहन गर्न तथा महिला शसक्तिकरणको अभ्यासलाई सहयोग पुराउन महिलालाई मिनिल्याप र पुरुषलाई भ्यासेक्टोमि गर्न प्रोत्साहित गर्ने र प्रोत्साहन स्वरुप पुरस्कार दिने व्यवस्था गरिनेछ ।

६८. उपाध्यक्षसँग महिला कार्यक्रम अन्तरगत गाउँपालिकाभित्रका गर्भवती तथा सुत्केरी महिलालाई घरघरमै पुगी स्वास्थ्य चेकजाँच र हेरचाह, पोषण सुधार लगायतका कार्यक्रम राखिनेछ । समस्यामा परेका गर्भवती सुत्केरीलाई निशुल्क रुपमा उद्दार तथा आकस्मिक सेवा उपलब्ध गराइनेछ ।

६९. आर्थिक रुपमा विपन्न परिवारलाई निशुल्क स्वास्थ्य सेवाको व्यवस्था गरिनेछ । स्वास्थ्य विमा कार्यक्रमलाई सवै घरपरिवारमा लागु गरिनेछ भने गरिव घरपरिवारको रुपमा पहिचान भएक विपन्न र आर्थिक अवस्था कमजोर परिवारको निशुल्क विमा गर्ने व्यवस्था मिलाइनेछ ।

७०. पोषणको कमिबाट प्रभावित हुने विशेषत वालवालिका, गर्भवती तथा सुत्केरीको पोषण सुरक्षाको लागि विशेष ध्यान दिइ कार्यक्रमहरु सञ्चालन गरिनेछ ।साथै शुन्य होम डेलिभरि कायम गर्न स्वास्थ्य संस्थामा सुत्केरी गराउन प्रोत्साहन गरी अनिवार्य रुपमा गर्भावस्था र प्रशुति पश्चात स्वास्थ जाँच गरीने व्यवस्था मिलाईने छ । त्यस्तै, संघीय सरकारको वहुक्षेत्रीय पोषण कार्यक्रमलाई गाउँपालिकाको साझेदारीमा प्रभावकारी कार्यान्वयन गरिनेछ ।

७१. विपद तथा महामारीको समयमा, चाडपर्व, आर्थिक संकटको समयमा गाउँपालिकावासीलाई सहज रुपमा स्वस्थ खाद्यान्न तथा खाद्य सामाग्री आपूर्तिको व्यवस्था मिलाइनेछ ।

७२. अर्मन स्वास्थ्य चौकीमा डाक्टर सहितको सेवा, एक्स् रे, ल्याव संचालन र कोभिड—१९ जस्ता महामारी रोगको उपचारको लागि आवश्यक पूर्वाधार तथा जनशक्ति तयारी हालतमा राखी आवश्यकता र क्षमता मापदण्ड अनुसारको सेवा प्रवाह गरिनेछ ।

७३. संघीय सरकारको सहयोगमा १० शैयाको आधाभूत अस्पताल निर्माण कार्यलाई जोडतोडका साथ कार्यान्वयन गरी आधारभूत स्वास्थ्य सेवा व्यवस्था गरिनेछ ।

७४. सुरक्षित, स्वच्छ र सुलभ खानेपानीको व्यवस्था गर्न गाउँपालिका सम्पूर्ण वस्तीहरुमा मिटर जडित एकघर एकधारा खानेपानी योजना आगमि २ वर्षभित्र पूरा गरिनेछ । गाउँपालिकाको खानेपानी सरसफाइ तथा स्वच्छता सम्वन्धी रणनैतिक योजना निर्माण गरि कार्यान्वनमा ल्याउनका लागि आवश्यक व्यवस्था मिलाइने छ।

७५. सम्पूर्ण घरधुरीमा तथा सार्वजनिक स्थलहरुमा वास सहितको शौचालय तथा फोहोमैला व्यवस्थापन गरी सभ्य गाउँपालिका पहिचान गराउन आवश्यक व्यवस्था गरिनेछ ।

७६. समाजमा नैतिकवान, कर्तव्यनिष्ठ र जिम्मेवार नागरिकको कमि भई समाज विचलनको बाटो तर्फ जान थालेको आभास सवैलाई महसुस भएको विषय हो । यो समस्यालाई समयमै न्यूनिकरण गर्न आवश्यक छ । यसको लागि विद्यालयस्तरमा र युवाहरुलाई लक्षित गरी नैतिक शिक्षा र सोंच परिवर्तन सम्वन्धी तालिम तथा प्रशिक्षणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

७७. समाजमा देखिएको विद्यमान अवस्थाको धुम्रपान, मध्यपान तथा लागू पदार्थको दूर्व्यसनीका कारण जनधनको क्षति भइरहेको, समाजमा अराजकता फैलिन गई असुरक्षा, वेचैनी र सामाजिक सद्भाव खलल पुग्ने अवस्था सिर्जना भैरहेको छ । यस्ता समस्या र चुनौतीहरुको निराकरण गर्नको लागि विद्यमान नियम कानुन लागु गर्न समाजका सवै पक्षहरुसँग हातेमालो गर्ने, चेतनाका कार्यक्रमहरु सञ्चालन गर्ने, नियमन र नियन्त्रणका लागि आवश्यक पूर्वाधारको व्यवस्था गर्ने नीति लिइनेछ ।

७८. समाजमा रहेका विद्यमान आर्थिक, सामाजिक/साँस्कृतिक, जातीय तथा लैगिक विभेदहरुलाई न्यूनिकरण गर्दै समतामूलक समाज निर्माणमा जोड दिईने छ।

७९. उपाध्यक्षसँग महिला कार्यक्रम अन्तरग गाउँपालिका क्षेत्रभित्र रहेका आमा समूह, तथा अन्य महिला समूहहरुको क्षमता विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८०. हाम्रो समाजमा अझैपनि जरो गाडेको वालविवाह, जातीय भेदभाव, लैगिंक भेदभाव अन्त्य गर्नको लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ । किशोरकिशोरी र युवाहरुलाई लागुपदार्थ सेवन तथा दुर्व्यसनीबाट रोक्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि उपाध्यक्षसँग महिला कार्यक्रम अन्तरगत लैंगिक समानता तथा सामाजिक समावेशीकरणको नीतिलाइ आत्मसाथ गरिने छ।

८१. गाउँपालिकाको सवै वडाको वस्तीमा, टोल विकास संस्था, आमा समूह दलित अपांग महिला सञ्जाल युवाक्लव वालक्लव गठन तथा पुनर्गठन गरी संस्थाको रुपमा दर्ता गर्ने, सामाजिक कामको लागि प्रोत्साहन गर्ने र उत्साहित समूहलाई विउ पुँजीको रुपमा गाउँपालिकाबाट कोष खडा गर्दिने व्यवस्था गरिनेछ ।

## सामाजिक सुरक्षा

८२. वृद्धवृद्धा, असक्त अपांग, दिर्घरोगीलाई समयसमयमा घरमै पुगेर स्वास्थ्य चेकजाँच तथा उपचारको व्यवस्था मिलाइनेछ ।यस्ता व्यक्तिहरुलाई आवतजावत गर्नको लागि सवारी साधनमा छुट तथा सिट व्यवस्थाको लागि स्थानीय यातायात व्यवसायिसँग छलफल गरी आवश्यक व्यवस्था मिलाइनेछ ।

८३. सामाजिक सुरक्षा भत्ता प्रास गर्ने हिडडुल गर्न नसक्ने वृद्धवृद्धा, असक्त, अपांग र रोगी भएका लाभग्राहीलाई बैंकसँग समन्वय गरी घुम्ती टोली मार्फत घरघरमा गई भत्ता वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

८४. मजदुरहरुको सामाजिक सुरक्षा तथा कार्यस्थलमा सुरक्षाको व्यवस्था गर्न, उनीहरुलाई कामको प्रत्याभूति दिलाउन, रोजगारको खोजीमा सहयोग पुराउन तथा हकहितको सुरक्षाको लागि श्रम डेस्क सञ्चालन गरिनेछ ।

८५. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाइ व्यवस्थित र सुदृढीकरण गर्दै जनमुखि वनाउन अनलाइन प्रणाली मार्फत् कार्यान्वयन हुदै आएको कार्यलाइ निरन्तरता दिदै राष्ट्रिय परिचय-पत्र तथा पंजिकरण विभागको लागत साझेदारीमा कार्यक्रम संचालन गरिने छ।

## न्यायिक समिति

८६. गाउँपालिकामा गठन हुने न्यायीक समितीको क्षमता विकास गर्ने, न्यायिक कक्ष निर्माण गर्ने र निवेदन उपर छलफल र निर्णय प्रक्रियालाई प्रभावकारी वनाइनेछ । न्यायीक कार्य सम्पादनलाइ सहज सरल र प्रभावाकरी वनाउन कानुनी साक्षरता तथा मेलमिलाप कार्यक्रम सञ्चालन गरिने छ।

८७. प्रत्येक वडामा भएका मेलमिलापकर्तालाई पुनर्ताजकी तालिम दिइ सक्रिय वनाइनेछ भने थप मेलमिलापकर्ताको खोजी हुनेछ । सवै वडाका वडा सदस्यहरुलाई न्यायिक अभ्यास सम्वन्धी तालिम दिइ स्थानीय सानातिना झैझगडा स्थानीयस्तरमा मेलमिलाप गर्ने अभ्यास गरिनेछ ।

## अन्य महत्वपूर्ण विषयहरु

८८. मंगला गाउँपालिका अन्तरगत बजार विकास भैसकेका स्थानहरु र वजार उन्मुख स्थानमा फोहरमैला व्यवस्थापन गर्न ल्याण्डफिल साईटको खोजी गर्ने र बजार क्षेत्रको फोहरमैला व्यवस्थापन गर्ने गरिएको ल्याण्डफिल साईटको सुरक्षित व्यवस्थापन गर्दै बजार क्षेत्रमा क्रमशः ढल निकासको समेत व्यवस्था गर्दै जाने कार्यलाइ निरन्तरता दिइने छ।

८९. मंगला गाउँपालिका अन्तरगत रहेका हरेक गाउँटोल तथा वस्तिका नागरिकहरुको सामुहिक बैठक/भेला गर्नका लागि उनीहरुको पायक पर्ने स्थानमा एकीकृत सामुदायिक भवनको निर्माण तथा व्यवस्थापन गर्न सहयोग गरिने कार्यलाई निरन्तरता दिईने छ।

९०. यस गाउँपालिका क्षेत्रमा पाईने भौगोलिक तथा पर्यावरणीय हिसाबले सम्भव हुने उच्च मूल्यदरका जडीबुटी प्रजातिहरुको व्यवसायिक खेति विस्तारलाई प्राथमिकताका साथ अगाडि बढाउने गरी ०७४/०७५ बर्ष देखि शुरु गरिएको जडिवुटी खेती र प्रविधिलाई आगामी आर्थिक वर्षमा थप विस्तार र विकासका लागि वन तथा वातावरण क्षेत्रमा पर्याप्त वजेट व्यवस्था गरिने छ।

९१. गाउँपालिका क्षेत्रमा रहेका खाली, पर्ति, चउर, नदी उकास क्षेत्र तथा सडक किनाराको खाली स्थानहरुको लगत तयार पारी भू-क्षय रोकथामका लागि स्थानीय सहभागिताको आधारमा पोषिला भूईं तथा डाले घाँस, अम्रिसो, बाँस निगालोको व्यापक वृक्षारोपण गरी हराभरा गराउने नीतिलाई निरन्तरता दिइने छ।

९२. स्थानीय समुदायको अग्राधिकारलाइ व्यवहारिक रुपमा प्रत्याभूत गराउन वनको दिगो व्यवस्थापन, संरक्षण तथा उपयोगमा समुदायको जिम्मेवारी अभिवृद्धि गर्दै वनक्षेत्रवाट अधिकतम लाभ उठाइ

न्यायोचित वितरणको माध्यमवाट स्थानीय समुदायको आर्थिक सामाजिक पर्यावरणीय र भौतिक लगाएतका विकासको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउने साथै आर्थिक समृद्धि र दिगो विकासको लक्ष्य प्राप्ति गर्न थप योगदान पुऱ्याउने निति लिइने छ।

९३. मंगला गाउँपालिकामा उद्योग तथा स्वरोजगारको पूर्वाधार तयार पार्दै "एक बस्ती एक उद्यम, एक व्यक्ति एक सीप" को अवधारणा अनुसार आगामि १० वर्ष सम्ममा बेरोजगारीताको अन्त्य गर्ने दिशामा सम्पूर्ण क्रियाकलापहरुलाई केन्द्रीत गर्ने नीति लिइने छ।

९४. गाउँपालिकामा रहेको रोजगार सूचना केन्द्रलाई थप प्रभावकारी वनाउदै, संघीय सरकारको सहयोगमा सञ्चालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रममा बेरोजगारहरुलाई आवद्ध गराउने, गाउँपालिकाको समेत लागत साझेदारी जुटाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

९५. संघीय सरकारको लघु उद्यम विकास कार्यक्रमसँग गाउँपालिकाको समेत थप लागत साझेदारीमा सिपमूलक तालिमहरु, घरेलु तथा सानाउद्यम विकास गरिनेछ ।

९६. गाउँपालिका अन्तरगत सञ्चालन हुने ऐतिहासिक तथा साँस्कृतिक वा अन्य कुनै पनि स्थानीय पर्वहरु गाउँपालिकाले आफै आयोजना गरेकोमा बाहेक अन्य अवस्थामा नियमपूर्वक दर्ता भएका सँघसँस्थाहरुले गाउँपालिकाको पूर्व स्वीकृति लिएर विद्यालयको पठन पाठनमा अवरोध नआउने गरी बढीमा ५ दिन मात्रै सञ्चालन गर्न पाईने व्यवस्थालाई निरन्तरता दिइने छ।

९७. दलित, जनजाति, महिला, अपाङ्गता भएका नागरिक, द्धन्द पिडित, यूवा, ज्येष्ठ नागरिक, बालबालिका समेतलाई प्रत्यक्ष लाभ पुग्ने खालका कार्यक्रमहरु संचालन गर्दै आइरहेकोमा उक्त क्षेत्रका नागरिकहरुको चाहना, आवश्यकता र पेश भएको प्रस्तावना-पत्रको आधारमा कार्यक्रमहरु छनौट गरी प्राथमिकता साथ सञ्चालन गर्ने नीति लाइ निरन्तरता दिइने छ।

९८. संघीय सरकारको **"बस्ति विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत निर्माण मापदण्ड, २०७२"** अनुसार यस गाउँपालिकाको लागि वस्ती विकास तथा भवन निर्माण सम्वन्धी कार्यविधिलाई गाउँपालिका भूगोल र वनावट सुहाउदो वनाइ वनाई कार्यान्वयनमा लगिनेछ ।

९९. गाउँपालिका क्षेत्रकारहेका विशेष प्रकारका भवन, वस्ती, मोटरवाटो लगायतका संरचनाको स्थान र भूगोल विशेषरुपमा बर्गिकरण मापदण्ड तोकी पालना गरिने छ।

१००. मंगला गाउँपालिका अन्तर्गत सञ्चालन हुने भौतिक पूर्वाधार विकासलाई स्थानीय नागरिकहरुले थप अपनत्वको अनुभूती गरुन् भनेर यस्ता योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा कम्तिमा १० देखि १५ प्रतिशत रकम बराबरको स्थानीय जनसहभागिता (नगद, वस्तु वा श्रम) जुटाउनुका साथै भौतिक पूर्वाधार तर्फको पुँजिगत खर्च तर्फ कट्टा हुदै आएको ४% प्रशासनिक व्यवस्थापन खर्च/कन्टेन्जेन्सी रकमलाइ निरन्तरता दिइ एक प्रतिशत रकमलाइ मंगला कोरोना प्रकोप कोषमा र वाँकी रकम योजना तथा कार्यक्रममा खर्च गरिने छ।

१०१. मंगला गाउँपालिका अन्तर्गतका श्रोत र साधनको परिचालनबाट सम्पन्न गर्न नसकिने योजना तथा कार्यक्रमहरुलाई प्रदेश तथा संघीय सरकार समक्ष विशेष अनुदान समपुरक अनुदान र सशर्त

अनुदानको रुपमा पेश गरी उक्त योजना तथा कार्यक्रमहरु प्राप्त गर्न विशेष पहल समेत गरिने छ।ठूला योजनाहरुको लागि डिपीआर तथा सम्भाव्यता अध्ययन गरी प्रदेश सरकार तथा केन्द्र सरकारबाट बजेट प्राप्त गर्न अधिकाधिक माग गरिनेछ ।

१०२. मंगला गाउँपालिका क्षेत्र भएर वग्ने म्याग्दी नदीले खेतियोग्य जमिन तथा वस्तीलाइ पुऱ्याएको क्षतिलाइ संरक्षण गर्नका लागि गाउँपालिकावाट तयार पारिएको म्याग्दी खोला नदी नियन्त्रण विस्तृत परियोजना प्रतिवेदनलाइ आवश्यक कार्यान्वयन गर्नका लागि प्रदेश र संघीय सरकार संग समन्वय सहकार्य गरी प्रक्रिया बढाइने छ ।

१०३. नागरिकको आधारभूत आवश्यकता रहेको बासको लागि खरले छाएका घरहरुलाई विस्थापित गरि कर्कट पाता छाउने नीतिलाई सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत निरन्तरता दिईने छ।

१०४. गाउँपालिका क्षेत्रमा कार्यक्षेत्र रहेका उत्पादन तथा सेवामुलक सहकारी संस्थाहरु र वित्तिय क्षेत्रको सुदृढीकरण साथै खोलौं वैक खाता भन्ने अवधारणालाइ कार्यान्वयन गर्दै जनताको घरदैलोवाटै आर्थिक कारोवार गर्न सक्ने गरि वैकं वित्तिय संस्था तथा सहकारीसंग समन्वय र सहकार्य गरि आर्थिक कारोवार सुरक्षित, व्यवस्थित र मितव्ययी तरिकाले भय रहित वातावरणमा संचालन गर्न प्रोत्साहन गरिने छ।

१०५. गाउँपालिका क्षेत्रभित्र रहेका सहकारी संस्थाहरुलाई नियमन गर्ने तथा विभिन्न क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ भने वैक तथा वित्तिय संस्थासँग सहकार्य गरी वित्तीय साक्षरता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१०६. कृषि सहकारीलाई प्रोत्साहन गरी अनुदान, कृषि ऋण प्रदानका लागि आवश्यक समन्वय गरिने छ।सहकारी मार्फत बाख्रा पालन,चिस्यान केन्द्रको निर्माण सञ्चालनको लागि प्रोत्साहन गरिनेछ ।

१०७. स्थानीय केवल नेटवर्क,डिसहोम,इन्टरनेट सेवा प्रदायकहरुसँग अन्तरक्रिया गरी कानुन र आचारसंहिताको पालना गराउने तथा करको दायरामा ल्याउने व्यवस्था गरिनेछ ।

१०८. गाउँपालिकाको सवै घरधुरीमा विद्युत सेवा पुगिसकेकोले विद्युत लाइनलाई थप व्यवस्थित गरी उज्यालो गाउँपालिका घोषणा गरिनेछ । स्थानीय लघु विद्युतको संरक्षण गरी उपयोग गरिनेछ ।

१०९. मंगला गाउँपालिकावाट संचालन हुने आयोजनामा काम गर्ने श्रमिकहरु १५ (पन्ध्र) जनाको सामुहिक दुर्घटना विमा गर्ने नितिलाइ निरन्तरता दिइने छ।

११०. गाउँपालिका स्तरका उत्कृष्ट कृषक, आमा समूह, विद्यालय, वाल शिक्षा सहजकर्ता, युवा क्लव, स्वास्थ्य कर्मी, महिला स्वयं सेविका, खेलाडी, उपभोक्ता समिति समेतलाइ प्रोत्साहन गर्ने र

गाउँपालिकामा उत्कृष्ट कार्य सम्पादन गर्ने जनप्रतिनिधी र कर्मचारीलाइ पुरस्कृत गर्ने नितिलाइ निरन्तरता दिइने छ।

१११. मंगला गाउँपालिका वडा नं. ३ पखरे जल्केनीमा रहेको प्राकृतिक तातोपानी कुण्डको संरक्षण तथा उपयोग गर्नका लागि कार्यक्रम वनाइ प्रकृया अगाडि वढाइने छ।

११२. मंगला गाउँपालिका वडा नं.३ झाँक्रीपानी, वडा नं. २ हिदी र वडा नं. ५ चाँगामा चिया र टिमुर तथा अन्य जडिबुटी खेतिका लागि अध्ययन कार्यको थालनी गरिने छ।

११३. मंगला गाउँपालिकाको असाह्य वालवालिका र असाध्य रोग (मुटु, मृगौला, क्यान्सर, एचआइभी/एड्स आदि) लागेको प्रमाणित भएको व्यक्ति विपन्न असाहय आर्थिक रुपमा कमजोर नागरिकको लागि अध्यक्षसंग सहायता कार्यक्रम अन्तरगत सहयोग कार्यलाई निरन्तरता दिइने छ।

११४. सभा सम्मेलन बैठक भेला गर्न गाउँपालिका केन्द्रमा वहुउद्देश्यीय सामुदायिक सभाहल निर्माण गरिनेछ ।

११५. यस गाउँपालिकाको गौरवका योजनाहरु संघीय सरकार, प्रदेश सरकारबाट बजेट लगानीको लागि आवश्यक प्रकृयाहरु पूरागरी अधिकाधिक माग गरिनेछ ।

११६. चालु आर्थिक बर्षदेखि संयुक्त लगानीका आयोजना कार्यान्वयनका लागि आवश्यक रकम सहितको समपुरक कोषको व्यवस्थापन कार्यलाइ निरन्तरता दिइने छ।

११७. यस गाउँपालिका क्षेत्रमा आकस्मिक रुपमा हुने दूर्घटना तथा विपदमा परेका नागरिकहरुलाइ तत्काल राहत प्रदान गर्न अध्यक्षसंग विपद सहयोग कार्यक्रम अन्तरगत सहयोग कार्यलाई निरन्तरता दिइनेछ ।

११८. सूचनाको हक सम्वन्धी ऐन, २०६४ बमोजिम सार्वजनिक निकायमा रहने सार्वजनिक सरोकारका सूचनाहरुलाइ नागरिकको सूचनामा पहुँच सुनिश्चितताको लागि गाउँपालिकको वेवसाइट मार्फत् प्रकाशित गरी Pro-Active Discloser लाइ कार्यान्वयनमा ल्याइने छ।गाउँपालिकाबाट भए गरेका सम्पूर्ण कामकारवाहीको विषयमा नागरिकलाई सूसूचीत गर्ने तथा माग भएको सूचना समयमै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

११९. मंगला गाउँपालिका क्षेत्रभित्र हुन सक्ने विपद जोखिमको अध्ययन गरी तयार पारिएको विपद प्रतिकार्य योजनालाई कार्यान्वयन गरी विपद व्यवस्थापन कार्यलाई प्राथमिकता दिइनेछ ।

१२०. जलवायु परिवर्तको कारण कृषि तथा पशुपालन क्षेत्र, वातावरण क्षेत्रमा परेको असर, प्राकृतिक विपत्ती रोगव्याधी जस्ता समस्याहरुको समाधान गर्न र त्यसप्रति अनुकूलनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१२१. संघीय सरकारसँगको सहकार्यमा गाउँपालिकाक्षेत्रका गरिव घर पहिचान, कृषक सूचीकरण, बेरोजगार अभिलेखिकरण, मजदुर अभिलेखिकरण, बैदेशिक रोगारीमा रहेको व्यक्तिहरुको अभिलेखिकरण कार्यहरु गरिनेछ ।

**प्रमुख अतिथी, विशिष्ट अतिथी, अतिथि एवं गाउँसभाका सदस्यज्यूहरु**

प्रस्तुत नीति अनुसार मंगला गाउँपालिकाको बजेट तथा कार्यक्रम तयार पारी प्रस्तुत हुने कुरामा सम्पूर्ण सदस्यज्यूहरुमा विश्वस्त गराउन चाहन्छु । प्रस्तुत नीतिलाई यसकै मर्म र भावना अनुसार कार्यान्वयन गर्नका लागि आवश्यक ऐन, कानून तथा निर्देशिकाहरुको तर्जुमा सम्बन्धित विषयगत समितिद्वारा तयार गरिने छ। प्रस्तुत नीतिको मर्म र भावना अनुसार बनाईएका सबै ऐन, नियमहरुको लागू गरिने छ। समाज परिवर्तनको यस महत्वपूर्ण र अत्यावश्यक कार्यमा आम मंगला गाउँपालिकाबासीहरुको सदैव पूर्ण साथ, समर्थन र सहयोग रहिरहने छ भन्ने अपेक्षा राख्दछु।

अन्तमा, विगद् आ.व.हरु देखि हालसम्म यस गाउँपालिकाको विकास र समृद्धिका लागि संघीय सरकार तथा प्रदेश सरकारका तर्फबाट विभिन्न शीर्षकका योजनाहरुमा यथेष्ट बजेट विनियोजन गर्न, गराउन विशेष भूमिका खेल्नु हुने निवर्तमान संसद श्री भूपेन्द्र बहादुर थापा तथा गण्डकी प्रदेश सरकारका निवर्तमान मन्त्री तथा गण्डकी प्रदेश सभाका सदस्य श्री नरदेवि पुन मगरज्यूलाई विशेष धन्यवाद सहित आभार व्यक्त गर्न चाहन्छु। साथै यस गाउँपालिकाको नीति तथा कार्यक्रम तयार पार्न विभिन्न तरिकाले सहयोग पुऱ्याउनु हुने पालिकाका आम नागरिक, कर्मचारी तथा अन्य महानुभावहरु प्रति पनि कृतज्ञता प्रकट गर्न चाहन्छु। यहाँहरु सबैसङ्गबाट आगामी दिनहरुमा पनि निरन्तर सहयोग, सद्भाव र सहकार्यको अपेक्षा राख्दछु।

**धन्यवाद!**

**२०७९ साल असार १० गते शुक्रवार।**